संविधान संशोधनका विषयमा दलहरु आफौ अलमलमा छन्... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ • अंक २४६ • २०८१ साल माघ १८ गते शुक्रबार (31 January, Friday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मधेशी दलद्वारा आठ सदस्यीय कार्यदल गठन



**टुडे समाचारदाता**

काठमाण्डु । मधेश केन्द्रित दलहरुले आठ सदस्यीय कार्यदल गठन गरेका छन् ।

सत्ता साझेदार र प्रतिपक्षमा रहेका मधेश केन्द्रित विभिन्न आठ दलहरूले कार्यदल गठन गरेका छन् । मोर्चा गठन गर्ने उद्देश्यले बिहीबार सिंहदरबारस्थित अन्तर ाष्ट्रिय सम्बन्ध समितिको हलमा बसेको बैठकाट आठ सदस्यीय कार्यदल गठन गरेको छ ।

सो बैठकमा जनता समाजवादी पार्टी (जसपा), जनता समाजवादी पार्टी (जसपा), नेपाल, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल, राष्ट्रिय मुक्ति पार्टी नेपाल, जनता प्रगतिशील पार्टी र तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) सहभागी रहेका थिए ।

सो कार्यदलमा जनता समाजवादी पार्टी (जसपा)का इस्तियाक राई, जनमत पार्टीका शरदसिंह यादव, जसपा नेपालका मनिष सुमन, नागरिक उन्मुक्ति पार्टीका गंगाराम चौधरी, लोसपाका लक्ष्मणलाल कर्ण, राष्ट्रिय मुक्ति पार्टी नेपालका केशव झा, जनता प्रगतिशीलका शिवजी यादव र तमलोपाका ब्रजेस सिंह रहेका छन् ।

कार्यदलले अवधारणा, एजेन्डा, मोडिलाटी र आचारसंहिता सँगसँगै समग्र राजनीतिक परिस्थितिबारे दृष्टिकोण बनाएर शीर्ष नेताहरू समक्ष प्रतिवेदन पेस गर्ने सदस्य केशव झाले जनाए ।

सो बैठकबाट कार्यदलले शीर्ष नेताहरूलाई बुझाउने प्रतिवेदनको म्याद बुझाउने समय भने तय गरेको छैन ।

सो बैठकमा जसपाबाट रेणु यादव, जनमतबाट शरदसिंह यादव, जसपा नेपालबाट राजकिशोर यादव, रामकुमार शर्मा र मनिष सुमन, नागरिक उन्मुक्तिबाट लालवीर चौधरी र गंगा चौधरी सहभागी रहेका थिए ।

त्यस्तै लोसपाबाट सर्वेन्द्रनाथ शुक्ल र लक्ष्मणलाल कर्ण, राष्ट्रिय मुक्ति पार्टी नेपालबाट रामनरेश राय, केशव झा र सन्तोष मेहता, जनता प्रगतिशीलबाट हृदयेश त्रिपाठी, शिवजी यादव र सब्बिर हुसैन तथा तमलोपाबाट वृषेशचन्द्र लाल र विजय सिंहको समेत सहभागिता रहेको थियो ।

# राजर्षिको आपूरो पाठ्यक्रम

## मनलाग्दी सम्बन्धन बाँड्दा विद्यार्थीको भविष्य नै जोखिम

**टुडे समाचारदाता**

जनकपुरधाम । राजर्षि जनक विश्वविद्यालयअन्तर्गत रहेका कानुन संकायका १५ वटा कलेजमा सर्वोच्च अदालतले पठनपाठन रोक्न आदेश दिए पनि मनलाग्दी रुपमा सम्बन्धन वितरणमै व्यस्त देखिएको छ । अदालतको आदेशलाई बेवास्ता गर्दै सम्बन्धन प्राप्त कलेजहरूले आफ्नो गतिविधि बढाउन छाडेका छन् । विद्यार्थीले जनाए अनुसार 'वीरगञ्ज स्कुल अफ ल'ले पठनपाठन रोकेको छैन । यससँगै अन्य कलेजमा पनि कानुन संकायले भर्ना लिएर गतिविधि अघि बढाएको विद्यार्थी बताउँछन् ।

विश्वविद्यालय र कलेजले आफूखुसी कक्षा सञ्चालन गर्दा विद्यार्थीको भविष्य नै अन्धकार हुने भन्दै सरोकारवालाहरु चिन्तित छन् । अदालतले राजर्षि जनक विश्वविद्यालयले अनधिकृत रूपमा बीएएलएलबी कार्यक्रम सञ्चालनका लागि सम्बन्धन दिएका १५ वटा कलेजलाई भर्ना तथा कक्षा सञ्चालनमा रोक लगाउन भनेको छ । कानुनका विद्यार्थीहरूले दायर गरेको रिटमा सुनुवाइ गर्दै अदालतले ती कलेजहरूलाई आवश्यक मापदण्ड पूरा नगरेको हुन सक्ने बताउँदै भर्ना र पठनपाठन तत्काल नगर्न अन्तरिम आदेश जारी गरेको थियो ।

वीरगञ्ज स्कुल अफ ल का संस्थापक अध्यक्ष चन्द्रिकाप्रसाद पटेलले विश्वविद्यालयलाई दिएको आदेश आफूलाई लागू नहुने जिकिर गरिन् । पटेलले भने, 'गएको १६ पुसमा अदालतले दिएको आदेश विश्वविद्यालयको हकमा हो । मैले (कलेज) मान्ने आदेश १३ कात्तिकको हो, जसमा बारले अनुमति दिएपछि पढाउनू भनेको छ । सोहीअनुसार हामीले पठनपाठन गराइरहेका हौँ ।'

तर, कानुन व्यवसायी ले कलेजले आफूखुसी व्याख्या गरेर पढाइरहेको बताउँछन् । रिट निवेदक सुजल पोखरेलले भने, '१६ पुसको आदेशले स्पष्टसँग अन्तरिम आदेश कायम राखेर बारका अधिकारीलाई बोलाएको छ । त्यो भनेको अन्तिम आदेश नआउञ्जेल पठनपाठन रोक्नू भनेर दिएको पछिल्लो आदेशकै निरन्तरता हो ।'

अधिवक्ता मुरारी सापकोटाले भने, 'आफूखुसी व्याख्या गर्नेलाई त के भन्न सकिन्छ र ? तर, १६ पुसको आदेशले पठनपाठन, भर्नालगायतका गतिविधि गराउन तत्कालका लागि रोक लगाएको छ । यसरी आदेशविपरीत जाँदा अदालतको अपहेलना त हुन्छ नै, पछि विद्यार्थीको भविष्यमा पनि अप्ठ्यारो पार्न सक्छ ।'




राजर्षि जनक विश्वविद्यालयले आफ्ना गतिविधि अघि बढाउँदा आवश्यक कानुनी प्रक्रिया पूरा नगरेको अधिवक्ताहरु बताउँछन् ।

गत १३ भदौंमा विश्वविद्यालयले कुल ६० वटा कलेजलाई सम्बन्धन दिएको छ । जसमध्ये १५ वटा कानुन विषय (बीएलएलबी) पढाउने कलेज छन् ।

नेपाल कानुन व्यवसायी परिषद् (कानुन शिक्षा) नियमावली २०७७ का अनुसार कानुनी शिक्षा सञ्चालन गर्न नेपाल कानुन व्यवसायी परिषद्को स्वीकृति चाहिन्छ । नियमावलीको नियम १७ अनुसार, परिषद्बाट स्वीकृतिबिना कुनै शैक्षिक संस्थाले कानुन शिक्षा सञ्चालन गर्न पाउँदैन । नियम १७ कै उपनियम ३ र ४ मा शैक्षिक संस्थाहरूले कानुनी शिक्षा सञ्चालनका लागि परिषद्मा निवेदन दिनुपर्ने र परिषद्ले तीन महिनाभित्र निरीक्षण गरी स्वीकृति दिने भनिएको छ । तर, सो विश्वविद्यालयले अध्यापनको अनुमति दिएका कलेजमा यी कुनै पनि कुरा पालना नगरेको ती अधिवक्ताहरुको भनाइ छ ।

राजर्षिले नियमविपरीत कलेजहरूलाई सम्बन्धन दिएको विषयमा उजुरी परेपछि नेपाल कानुन व्यवसायी परिषद्ले स्थलगत अनुगमन पनि गरेको थियो । परिषद्ले अनुगमन गरी प्रतिवेदन पेस गर्न कानुनी शिक्षा समितिलाई जिम्मेवारी दिएको थियो । जसले विश्वविद्यालयसहित अन्य सबै कलेजका पाठ्यक्रम अपूरो रहेको निष्कर्ष सो प्रतिवेदनमा निकालेको थियो ।

नेपाल कानुन व्यवसायी परिषद् (कानुनी शिक्षा) नियमावली, ३ - २०७७ को अनुसूची १ अनुसार कानुन (बीएएलएलबी) अध्यापन गराउने मुलुकी देवानी संहिता र मुलुकी अपराध संहिता, प्रमाण कानुनजस्ता विषय पनि आवश्यक पर्छ । तर, राजर्षिले अध्ययन अनुमति दिएका कुनै कलेजमा यसलाई समावेश गरेको नदेखिएको समितिको निष्कर्ष रहेको छ ।

यसलाई समयक्रममा (एक वर्षभित्र) परिमार्जन गर्ने सम्झौता गराएर परिषद्ले छवटा कलेजलाई भने अध्ययन अध्यापनको अस्थायी अनुमति दियो । सम्बन्ध पाएका बाँकी ९ कलेजमा भने आवश्यक अन्य मापदण्ड पनि पालना नभएकाले तत्काल सो विषयलाई अध्ययन/छलफलकै क्रममा रहेको जनाइएको छ ।

अनुमति पाउनेमा हेराल्ड एजुकेसन नेटवर्क, मेगा ल कलेज, क्वीन्स कलेज अफ ल एन्ड म्यानेजमेन्ट, वीरगञ्ज स्कुल अफ ल, माउन्ट भ्यु इन्स्टिच्युट अफ ल एन्ट म्यानेजमेन्ट र सान कलेज रहेका छन् ।

सो विश्वविद्यालयले बाँडेको सम्बन्धन नै विवादितसमेत देखिएको छ । सम्बन्धनका लागि आएको आवेदन र त्यसको अनुगमनलाई चाहिने आवश्यक समयसीमा नै अस्वाभाविक देखिएको भन्दै यसको आलोचना हुने गरेको छ ।






# सोनामल्होसारजस्ता पर्वले बृहत् राष्ट्रिय एकतालाई थप सुदृढ गर्न मद्दत पुग्छः राष्ट्रपति



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले सोनामल्होसार जस्ता पर्वले बृहत् राष्ट्रिय एकतालाई थप सुदृढ गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभएको छ।

तामाङ समुदायको पर्व सोनामल्होसारका अवसरमा शुभकामना व्यक्त गदै उहाँले बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विविधतायुक्त नेपाली समाजमा सोनामल्होसार जस्ता पर्वहरूबाट सबै नेपालीबीच आपसी सद्भाव, सहिष्णुता र बन्धुत्वको भावना अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभएको छ।

"सोनामल्होसार पर्वले सबै नेपालीबीचको एकतालाई अझ सुदृढ गर्दै आर्थिक र सामाजिक रूपले समृद्ध मुलुक निर्माण गर्नका लागि अघि बढ्न सबैलाई ऊर्जा प्रदान गरोस् भन्ने कामना गर्दछु", राष्ट्रपति पौडेलले भन्नुभएको छ।

सोनामल्होसार पर्व तामाङ समुदायको नयाँ वर्षका रूपमा प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाको दिन मनाइन्छ। यस पर्वमा तामाङ समुदायले कुल पूजा, प्रकृति पूजा र बुद्धका सन्देशको स्मरण गर्नाका साथै आफन्तजन भेला भई मनोरञ्जन गर्दै आपसमा खुसी आदानप्रदान गर्ने गर्दछन्।

मुलुकका विभिन्न स्थानमा बसोबास गर्ने तामाङसहित ह्योल्मो, थकाली, जिरेल, नेस्याङ्वा, भोटे, दुरा, लेप्चा आदि जातिहरूले समेत आ-आफ्नै शैली र परम्पराअनुसार यो पर्व मनाउँदै आएका छन्।रासस

# शिक्षकद्वारा आन्दोलनको घोषणा

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाल शिक्षक महासंघले आन्दोलनको घोषणा गरेको छ। यही माघ १६ र १७ गते बसेको महासंघको तेस्रो पूर्ण राष्ट्रिय बैठकपछि आन्दोलनको घोषणा गरिएको छ।

माघ २५ गते दिउँसो १ बजे सबै पालिकामा ध्यानाकर्षण तथा जानकारी पत्र बुझाउने कार्यक्रम तय गरिएको जनाइएको छ। पत्र बुझाउन कम्तीमा १५ जनाको प्रतिनिधिमण्डल लैजाने तय भएको छ।

त्यस्तै माघ २५ गते नै स्थानीय स्तरमा आन्दोलन परिचालन समिति गठन गर्ने समेत तय भएको छ। माघ २९ गते हरेक विद्यालयमा विद्यार्थी, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिबिच अन्तरक्रिया कार्यक्रम गर्ने र शिक्षक-कर्मचारीका माग मुद्दा तथा आन्दोलनको आवश्यकताबारे सुसूचित गराउने कार्यक्रम गर्ने भएको छ।

माघ ३० गते बुधबार दिउँसो पालिका कार्यालयमा भेला भई 'हाम्रा माग सम्बोधन हुने गरी यो हिउँदे अधिवेशनबाट विद्यालय शिक्षा ऐन जारी गरियोस्' भन्ने नारा सहित हातमा कालो पट्टी बाँधी खबरदारी जुलुस प्रदर्शन गरिने जनाएको छ। त्यस्तै जिल्ला स्तरका कार्यक्रम अन्तर्गत माघ २६ गते हरेक जिल्लामा आन्दोलन परिचालन समिति गठन गरिनेछ।




फागुन २ गते देशका ७७ वटै जिल्लाको शिक्षा विकास तथा समन्वय एकाइमा ध्यानाकर्षण तथा जानकारी पत्र बुझाइने भएको छ।

त्यस्तै फागुन ११ गते जिल्ला आन्दोलन परिचालन समितिले जिल्लाका सबै निर्वाचन क्षेत्रबाट निर्वाचित संघीय सांसदलाई सरकार र महासंघबिच भएका विगतका सबै सहमती समावेश गरी ध्यानाकर्षण पत्र बुझाउने कार्यक्रम रहेको महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले बताए।

त्यस्तै प्रदेश तह अन्तर्गत फागुन ७ गते प्रदेश स्तरको आन्दोलन परिचालन समिति गठन गरिनेछ। फागुन ९ गते देशका ७ वटै प्रदेशका मुख्यमन्त्री/सामाजिक विकासमन्त्रीसमक्ष ध्यानाकर्षण तथा जानकारी पत्र बुझाउने कार्यक्रम तय गरिएको छ।

राष्ट्रिय तहको कार्यक्रम अन्तर्गत माघ १८ गतेदेखि फागुन १० गतेसम्म विभिन्न सरोकारवालासँग भेटघाट गर्ने कार्यक्रम तय भएको छ।

त्यस्तै प्रधानमन्त्रीलाई समेत आन्दोलनबारे ध्यानाकर्षण तथा जानकारी पत्र बुझाउने कार्यक्रम महासंघले तय गरेको छ। अभिभावक महासंघ, विद्यालय व्यवस्थापन समिति महासंघ, विद्यार्थी संघ संगठनहरूसँग समेत अन्तरक्रिया गर्ने कार्यक्रम रहेको छ।

त्यस्तै फाल्गुण १७ गते काठमाण्डुमा कालोपट्टीसहित जुलुस प्रदर्शन तथा खबरदारी सभा गर्ने कार्यक्रम तय महासंघले गरेको जनाएको छ।


फाल्गुण १९ गते दोस्रो चरणका कार्यक्रम सार्वजनिक गर्ने कार्यक्रम रहेको छ। दोस्रो चरणको आन्दोलनको कार्यक्रममा राजधानीमा सांगठनिक शक्ति प्रदर्शन, असहयोग, अवज्ञा (बहिष्कार) तथा अवरोधजन्य कार्यक्रम ल्याइने महासंघ अध्यक्ष सुवेदीले बताए।

आन्दोलनका क्रममा 'हाम्रो आन्दोलन जारी छ', 'हाम्रा माग पूरा नभएमा यही हिउँदे अधिवेशनबाट विद्यालय शिक्षा ऐन जारी गरियोस्', नेपाल शिक्षक महासंघ जिन्दावाद जस्ता नारा तय भएका छन्।

# सरस्वतीको मूर्ति निखार्दैं मूर्तिकार

महोत्तरी। वसन्तपञ्चमी पर्व नजिकिँदै गर्दा महोत्तरीमा अहिले सरस्वतीका मूर्ति बनाउनेको व्यस्तता बढेको छ। आउने सोमबार मनाइने सरस्वती पूजनोत्सव पर्वका लागि बनिएका मूर्तिमा अहिले मूर्तिकार त्यसको निखार ल्याउनमा व्यस्त छन्।

अबको चौथो दिन पर्व नै परेको हुँदा त्यसअघिका तीन दिनभित्र बनेका मूर्ति बेचिसक्नु पर्ने मूर्तिकारलाई समयसीमा छ। त्यसैले अहिले आउने आइतबारसम्म मूर्ति तयार हुनेगरी काममा लागिएको मूर्तिकार बताउँछन्। यसपालि माघ लागेर पनि राम्ररी घाम नलाग्दा माटो मुछेर बनाइएका मूर्ति सुक्न समय लागेको मूर्तिकारको भनाइ छ।



"मूर्ति सुक्न समय लाग्यो, राम्ररी नसुकी रङ्गरोगन हुँदैन", मूर्ति आकर्षक बनाउन तल्लिन भङ्गाहा-४ का रामचन्द्र महरा भन्नुहुन्छ, "अब रङ्गरोगनको काम थालिन्छ।" पूजनोत्सवका लागि मूर्ति लैजानेहरुले दुई दिनअघिदेखि लान थाल्ने रामचन्द्र बताउनुहुन्छ।

धानको पराल र काँस (कास प्रजातिको एक प्रकारको खर वनस्पति)को लुइँठो बटादै सरस्वती आकारमा ढालेर मुछेको माटोले लेपन गरी तयार गरिने मूर्ति घाममा राम्ररी सुकेपछि रङ्गरोगन लगाउन मिल्ने हुन्छ। यो काम मूर्तिकारले पर्वभन्दा केही साता पहिले थाले पनि यसपालि माघको दोस्रो सातासम्मै राम्ररी घाम नलाग्दा मूर्ति सुक्न समय निकै लागेको यहाँका सबैजसो मूर्तिकारको गुनासो छ। वसन्तपञ्चमी र श्रीपञ्चमीसमेत भनिने माघ शुक्ल पञ्चमीका दिन उल्लासका साथ सरस्वती पूजनोत्सव मनाइने मैथिल परम्परा छ।

पर्वका अवसरमा मधेशका महोत्तरीसहितका प्राचीन मिथिला क्षेत्रमा बस्तीबस्तीका शिक्षण संस्थाले उल्लासमय वातावरणमा सरस्वती पूजनोत्सव पर्व मनाउने परम्परा छ। शिक्षण संस्थामा मनाइने मुख्य साँस्कृतिक पर्वलाई विशेष बनाउन अहिले सबै अन्तिम तयारीमा जुटेका छन्। मिथिलामा स-साना नानीहरुको अक्षरारम्भ वसन्त पञ्चमीकै दिन गरिने हिन्दू मैथिल परम्पराले यो पर्व खास बन्दै आएको छ। शिक्षण संस्थाबाहेक कतिपय व्यक्तिले आफ्नै घरमा सरस्वती पूजनोत्सव अनुष्ठान गर्ने हुँदा यो बेला सरस्वतीका मूर्तिको माग निकै हुने गरेको छ।

"यसपालि २५ स्कूल (विद्यालय)ले मूर्ति माग गरेका छन्, यसबाहेक पनि केही मूर्ति बिक्ने गर्छ", औरही-२ फुलबरिया बस्तीका कैलाश महरा भन्नुहुन्छ, "वर्षभरिका केही पवनी (पर्व) ले हाम्रो पेसा धानिदैछ।" हिन्दू परम्पराका यस्ता मूर्ति पूजा गरिने पर्वमा सम्बद्ध देवीदेवता अतिरिक्त गणेशको मूर्ति अनिवार्य हुने हुँदा कमसेकम दुई वटा मूर्ति बिक्ने कैलाशको भनाइ छ।

"अहिले सरस्वती पूजाको बेला छ, त्यसैले अहिले सरस्वती र अर्को गणेशको मूर्ति जान्छ", कैलाशले भन्नुभयो। वर्षभरिका कृष्णजन्माष्टमी, विश्वकर्मा पूजा, दसैँमा दुर्गापूजा र वसन्तपञ्चमी मूर्ति बिक्ने पर्व हुन्। यी पर्वमा बिकेका मूर्तिको आर्जनले वर्षभरिको नगद खर्चको जोहो हुने गरेको कैलासकै छिमेकी मूर्ति बनाउने पेसाकै दिनेश महरा बताउनुहुन्छ।

सरस्वती पूजनोत्सवमा एक/दुई साता पहिलेदेखि नै मूर्तिकारको व्यस्तता बढ्छ। मूर्तिका लागि माटो छान्ने, ओसार्ने, मुछ्ने, पराल र खरलाई मूर्ति आकार बनाएर माटो भर्ने र अन्त्यमा सरस्वतीको मूर्ति आकर्षक बनाउन विभिन्न रङ भरेर तयार गर्ने यसक्रमका काम हुन्छन्। सामान्यतः पूजनोत्सवमा सरस्वतीसँगै गणेशजीको मूर्तिको पनि माग हुन्छ। हिन्दू परम्परामा सबै शुभकार्यमा गणेशजीको अग्र पूजाको परम्पराले सरस्वती पूजनोत्सवमा पनि गणेशजीका मूर्तिको माग हुने गरेको महोत्तरीकै भड्गाहा-७ मझौलियाका मझरु महरा बताउनुहुन्छ।

मिथिलामा माटो मुछेर भाँडाकुडा बनाउने काममा कुमाल जाति समुदाय देखिन्छन्। माटो मुछेरै मूर्ति बनाउने काममा अधिकांश महरा (चमार, राम) जाति समुदायका दलित भेटिन्छन्। मूर्ति बनाउने काम आफ्ना बाबुबाजेकै पालादेखि गरिँदै आइएको फुलबरियाका कैलाश बताउनुहुन्छ। वसन्तपञ्चमी, कृष्ण जन्माष्टमी, विश्वकर्मा पूजा र दुर्गापूजामा बनाइने मूर्तिबाट गुजारामा टेवा पुग्ने उहाँको भनाइ छ। अरुबेला खेतीकिसानी र अन्य बन्द ब्यापार गरेर यस्ता पर्वका बेला मूर्ति बनाइँदा घरपरिवारको भइपरी आउने नगद खर्चमा मद्दत पुग्ने गरेको उहाँले बताउनुभयो।

आफूले बाउबाजेको कामलाई निरन्तरता दिए पनि आफ्ना छोरा/भतिजाले भने मूर्ति बनाउने काममा चासो नदेखाउँदा यो पेसा छुट्दै जाने पुराना मूतिकारको गुनासो छ। मूर्ति बनाउने सीपलाई बचाइ राख्न नयाँ पुस्तालाई यो सीपसँग जोड्न स्थानीय तहले पहलकदमी लिइदिन पर्ने भङ्गाहा-५ सीतापुरका ७० वर्षीय अच्छवा महरा बताउनुहुन्छ।रासस

# ऊर्जा उत्पादनमा पूँजी परिचालन गर्न बङ्गलादेशका लगानीकर्तालाई आग्रह

काठमाण्डु। ढाकास्थित नेपाली राजदूतावासले बुधबार साँझ "नेपाल र बङ्गलादेशबीचको व्यापार र लगानी सम्बन्ध" विषयमा कार्यशाला आयोजना गरेको छ। साथै दूतावासले ऊर्जा उत्पादनमा पूँजी परिचालन गर्न बङ्गलादेशका लगानीकर्तालाई आग्रह पनि गरेको छ।

त्यस अवसरमा राजदूत घनश्याम भण्डारीले नेपाल र बङ्गलादेश बीचको बढ्दो आर्थिक संलग्नताबारे चर्चा गदै व्यापार, 'कनेक्टिभिटी', ऊर्जा र पर्यटनलगायत क्षेत्रमा हासिल भएको प्रगति, नेपालबाट पहिलोपटक ४० मेगावाट जलविद्युत् बङ्गलादेश आयात, ऊर्जा सहयोगले दुई देशलाई मात्र नभई सम्पूर्ण दक्षिण एसिया क्षेत्रलाई त्यसबाट लाभ हुने बताउनुभयो। राजदूत भण्डारीले बङ्गलादेश व्यापारिक नेताहरूलाई नेपालको व्यापार समुदायसँग समन्वयात्मक साझेदारी निर्माण गर्न र नेपालमा उपलब्ध लगानीका अवसरहरूको उपयोग गर्न पनि आग्रह गर्नुभएको उक्त राजदूतावासले जनाएको छ।



कार्यशालाका विशेष अतिथि लगानी बोर्ड नेपालका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवालीले नेपालको लगानी वातावरण, अवसर र प्राथमिकताका क्षेत्रबारेमा विस्तृत जानकारी दिँदै ऊर्जा, पर्यटन, कृषि, सूचना तथा सञ्चार प्रविधि, शहरी पूर्वाधार, स्वास्थ्य, खानी तथा खनिजलगायत प्राथमिकताका क्षेत्रमा लगानी गर्न बङ्गलादेशका लगानीकर्तालाई आग्रह गर्नुभयो।

दूतावासका अनुसार बङ्गलादेश लगानी विकास प्राधिकरणका कार्यकारी सदस्य डा. खान्डोकर अजिजुल इस्लामले बङ्गलादेशका लगानी प्राथमिकता बारे अवगत गराउँदै पारस्परिक लाभका क्षेत्रमा लगानी सम्बन्धलाई सुदृढ पार्न नेपालसँग मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

नेशनल बैंक लिमिटेडका अध्यक्ष तथा बङ्गलादेश उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष अब्दुल अवल मिन्टुले नेपालसँगको व्यापारबारे आफ्ना दृष्टिकोण साझा गर्दै दुई देशीय आर्थिक सम्बन्धलाई सुदृढ बनाउनुपर्नेमा जोड दिनुभएको थियो।रासस

# एकताले राष्ट्रिय भावनालाई थप मजबुद बनाउन सहयोग पुग्छःउपराष्ट्रपति

काठमाण्डु। उपराष्ट्रपति रामसहायप्रसाद यादवले नेपाली सामाजिक विविधताभित्र सुदृढ र प्रगाढ एकताले नेपालको राष्ट्रिय भावनालाई थप मजबुत बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभएको छ। सोनामल्होसारको उपलक्ष्यमा विहिबार शुभकामना व्यक्त गदै उहाँले सांस्कृतिक धरोहरका रूपमा रहेको यस पर्वलाई सम्पूर्ण नेपालीको पहिचान र आत्मसम्मानको प्रतीकका रूपमा मनाउन सक्नुपर्ने उल्लेख गर्नुभएको छ।

"यसले हामीलाई हाम्रो मौलिक परम्परा, संस्कृति तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवाद्धन गर्नुपर्ने जिम्मेवारी स्मरण गराउँद। यस अवसरमा आयोजना गरिने मौलिक एवं सांस्कृतिक नाचगान र सङ्गीतले नेपाली संस्कृतिको जगेर्ना गर्नमा सघाउँदछ। ल्होसारमा पकाइने विशेष तथा परम्परागत मीठो परिकारहरूले हाम्रो रैथाने रीतिरिवाजलाई जीवन्त बनाउँदै पुस्तान्तरण गर्नमा उत्तिकै सहयोग पुगेको मेरो विश्वास छ", उपराष्ट्रपति यादवले भन्नुभएको छ।

नेपालका विभिन्न भूभागमा बसोबास गर्ने तामाङसहित ह्योल्मो, थकाली, जिरेल, नेस्याङ्वा, भोटे, दुरा, लेप्चालगायतले आ-आफ्नो मौलिक संस्कृति र परम्पराअनुसार नयाँ वर्षका रूपमा यो पर्व मनाउने चलन रहिआएको छ। यस पर्वको मुख्य विशेषताहरूमा सामूहिकता, भूमिपूजा, कुलपूजा, दानदक्षिणा र ढोगभेटका साथ आपसमा शुभकामना आदानप्रदान गर्नुलगायतको रहेको पाइन्छ।रासस

# वीरवंश लोसपामा प्रवेश



**टुडे समाचारदाता**

मलंगवा। सर्लाही जिल्लाका डा.वीरवंश बैठा महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपालमा प्रवेश गरेका छन्।

सो बैठक २०७९ को आम चुनावमा सर्लाही क्षेत्र नम्बर २ बाट प्रतिनिधिसभाका स्वतन्त्र उम्मेदवार थिए।। नेता बैठालाई लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुरले टिका लगाएर पार्टीमा स्वागत गरे।

लोसपा नेपालमा प्रवेश कार्यक्रमा उपाध्यक्ष जितेन्द्र सोनल, महासचिवहरु डा.सुरेन्द्र झा, मनिष मिश्र लगायतका नेताहरुको उपस्थिति रहेको थियो।


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष:कार्यक्षेत्रमा लाभका अवसरहरू प्राप्त हुनेछन्।
वृष : एकाग्रताको साथमा मेहनत गर्नुभयो भने परिणाम अवश्य राम्रो आउनेछ।
मिथुन:तपाईंको कार्य समीतिमा सुधार हुनेछ।
कर्कट:कार्यक्षेत्रमा व्यवधान आउन सक्छ।
सिंह :प्रतिकूल समय अनुकूल बन्दै जानेछ।
कन्या:तपाईंको इच्छाको मान राखिनेछ।
तुला:शुभचिन्तकहरूको सहयोगले रोकिएको कार्य हुनेछ।
वृश्चिक: चुनौतीको सामना गर्दा चोटपटकको सम्भावना समेत रहेको छ। धर्मकर्ममा रुचि बढ्नेछ।
धनु:आफन्तहरुसँग बसेर भविष्यको लागि दीर्घकालीन योजनाहरू बन्नेछन्।
मकर:लामो समयदेखि रोकिएको काम सम्पादन हुनेछ र मान प्रतिष्ठामा वृद्धि हुनेछ।
कुम्भ:मनमा नैतिक र कर्तव्य भाव उत्पन्न हुनेछ।
मीन:आर्थिक दृष्टिकोणले समय सामान्य रहेको छ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन


| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# सहिदको सपना पूरा गर्न प्रतिबद्ध छौँ: प्रधानमन्त्री ओली

काठमाण्डु । १९९७ सालको राणाशाहीको अन्त्य-अन्त्यतिर अथवा राणा शासनले आफ्नो अन्त्यको एक प्रकारले घोषणापत्र जारी गरेको दिन हो । त्यो निरकुंश हत्याकाण्ड, जसमा देशका होनाहार सपुतहरु, जसले स्वतन्त्रता खोजेका थिए, लोकतन्त्र खोजेका थिए, अधिकार खोजेका थिए र न्याय खोजेका थिए । तिनलाई मारियो । कसैलाई गोली हानेर, कसैलाई झुण्ड्याएर १९९७ साल माघ १० गतेदेखि १६ बिहानको रातिसम्म हत्याका शृ्खला चलाइए । त्यही दिनको सन्दर्भमा, त्यही दिवसलाई लिएर सहिदको सम्झना गर्न, उहाँहरुप्रति श्रद्धाञ्जली अर्पण गर्न र सम्मान प्रकट गर्दै आएका छौँ ।



आज देशले जे पाएको छ, त्यो सहिदका बलिदानका कारणले पाएको हो । यस घडीमा म सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु, जसले एकीकरणका लागि ज्यान दिनुभयो, जसले राष्ट्र बचाउनका लागि ज्यान दिनुभयो, जसले लोकतन्त्रका लागि ज्यान दिनुभयो, जसले अधिकार प्राप्तिका लागि ज्यान दिनुभयो, सबैप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र श्रद्धासुमन अर्पण गर्न चाहन्छु । देशवासीको तर्फबाट आदरणीय अमर सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

आज हामी जहाँ छौँ, सङ्घीय लोकतान्त्रिक गणतन्त्र, यस प्रणालीमा सर्वोपरी कुरा हो-लोकतन्त्र हो । गणतन्त्र भनेको लोकतन्त्रको एउटा अङ्ग हो, एउटा स्वरुप हो । सङ्घीयता लोकतन्त्रको, लोकतान्त्रिक प्रक्रिया र संरचनाको एउटा अङ्ग हो । लोकतन्त्र आधारभूत कुरा हो । वास्तविक र पूर्ण लोकतन्त्र हुनका लागि जनताको सर्वोच्चता आवश्यक छ । वास्तवमा जनता सर्वोच्च छन् । जनता सार्वभौमसत्ता सम्पन्न छन्, जनताबाट राज्य शक्तिको स्रोत निश्रित हुन्छ, उत्पन्न हुन्छ भने जनताले कतिपय ठाउँमा प्रत्यक्ष वा आमरुपमा/परोक्ष रुपमा आफ्ना प्रतिनिधिहरुमार्फत शासन सञ्चालन गर्दछन् । त्यसलाई लोकतन्त्र भनिन्छ । त्यसो गर्दा लोकतन्त्र साँच्चै जनताको सार्वभौमसत्ता भएको र सर्वोच्चता भएको अवस्था हो । त्यस्तो ठाउँमा स्वाभाविक रुपमा गणतन्त्र हुनु अनिवार्य र अपरिहार्य हुन्छ । कतिपय ठाउँमा विभिन्न कालखण्डमा विभिन्न प्रकारका सम्झौताहरुले राजतन्त्रलाई विभिन्न मात्रामा राखेको अथवा बलजफ्ती राखेको हुनसक्छ । अहिले पनि कतिपय देशहरुमा राजतन्त्र बलजफ्ती पनि शासनमा होला । कतिपय ठाउँमा सम्झौताद्वारा पनि शासनमा होला । तर त्यस्तो राजतन्त्रले पनि आफू संवैधानिक वा 'सेरोमोनियल' भएर बस्न मञ्जुर गरेको हुन्छ । र, जनताको सार्वभौमसत्ता र सर्वोच्चतालाई स्वीकार गरेको हुन्छ । अर्थात्, लोकतन्त्र भनेको जनताको सार्वभौमसत्ता, जनतामा सार्वभौमसत्ता निहीत रहेको प्रणाली हो, जनताको सर्वोच्चता कायम रहेको प्रणाली हो र सम्पूर्ण शक्तिका स्रोत जनता हुन् भन्ने मान्यतालाई स्वीकारेको र तद्नुसार सञ्चालित प्रणाली हो । अरु संरचनागत प्रणाली सहजताका लागि, जनतालाई सेवासुविधा उपलब्ध गराउन सजिलोका लागि र विकासका कामहरुलाई छिटोछरितो बनाउनका लागि प्रयोग गरिने अथवा व्यवस्था गरिने कुरा हुन् । आज हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा छौँ र यस परिस्थितिमा हामीले ठूलो उपलब्धि हासिल गरेका हौँ र ठूलो प्राप्ति गरेका हौँ । यस ठाउँमा ल्याइ पुऱ्याउन हाम्रा महान् सहिदहरुको बलिदानको धेरै ठूलो महत्व छ । अनेक वीरहरु, विरङ्गनाहरु, योद्धाहरु जन्मिए, कति घाइते भए, कतिले जेल यातना सहे, कतिले कठोर निर्वासन सहे, कतिले भूमिगत अवस्थामा काम गरेर ज्यान जोखिममा राखेर चले, कोही सडकमा उत्रिए, कसैले सडकमा उत्रिनेहरुलाई बल दिए । सहिदहरुको बलिदानको प्रेरणाबाट सौर्य प्राप्त हुन्छ र परिवर्तनको एउटा विश्वास जागृत हुन्छ । त्यही विश्वासबाट देश यसरी अगाडि बढेको छ ।

> आज देशले जे पाएको छ, त्यो सहिदका बलिदानका कारणले पाएको हो । यस घडीमा म सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु, जसले एकीकरणका लागि ज्यान दिनुभयो, जसले राष्ट्र बचाउनका लागि ज्यान दिनुभयो, जसले लोकतन्त्रका लागि ज्यान दिनुभयो, जसले अधिकार प्राप्तिका लागि ज्यान दिनुभयो, सबै प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु र श्रद्धासुमन अर्पण गर्न चाहन्छु ।

हामीसँग थुप्रै ज्ञान/अज्ञात सहिदहरु हुनुहुन्छ तर हामीले जानकारी पाएका सहिदमध्ये राणाशासन १८०३ सालमा स्थापना भएपछि १८०६ सालमा बलबहादुर शाह (बाकावीर)लाई हत्या गरेर राणा शासनले आफ्नो हत्याको क्रुरताको सिलसिला प्रारम्भ गरेको थियो-आफ्नो सत्ताका लागि । बलवीर शाह बाकावीर, जो अछामका हुनुहुन्थ्यो,उहाँले राणाशासन स्थापनाकालदेखि नै त्यसका विरुद्ध आह्वान गर्नुभयो, जनता सङ्गठित भएर लड्नु पर्दछ र राणाशाहीलाई धपाउनु पर्दछ भन्ने उहाँको मान्यता थियो । त्यसै सन्दर्भमा उहाँलाई छलपूर्ण र धोकापूर्ण ढङ्गले १८०६ सालमा गिरफ्तार गरेर, जसले उनको टाउको ल्याउँछ, त्यसलाई इमान दिइनेछ भनेर इस्तियार जारी गरे । उहाँलाई गिरफ्तार गरेर, काटेर उनको टाउको झोलामा हालेर ल्याएर राणाका अगाडि टेबलमा राखेर इनाम थाप्नेहरु पनि छन् । यस्ता तत्वहरु पनि देशमा पाइन्छन् । त्यस्ता तत्वहरु अहिले पाइन्छन् कि पाइँदैनन् नभनौं, अहिले त्यस्ता दृष्टान्त देखिएको छैन तर छनकहरु राम्रा छैनन् । जे होस्, त्यहाँबाट सुरु भएको बलिदानको सिलसिला १८३३ सालमा लखन थापाको हत्याबाट, त्यसपछि अनेक पछिल्ला सिलसिला हुँदै आए र त्यही सिलसिलामा कतिले आफूलाई कठोर जलसमाधि सामूहिक रुपमा लिएका विष्मयकारी घटनाहरु, आफैँले जलसमाधि लिने कठोर निर्णय गरेर राणाशासनका विरुद्धको विद्रोहको एक प्रकारको शान्तिपूर्ण र त्यागको शृ्घोष गरेका थिए । लेखक-कविहरु होउन् लाइब्रेरी खोल्दा मुद्दा लाग्थ्यो, पक्राउ पर्नुपर्दथ्यो र जेल जानुपर्दथ्यो । कवि सिद्धिचरण श्रेष्ठलाई राणाशासनमा १८ वर्षको कैद सजाय सुनाइएको थियो, पछि उनलाई सात वर्ष जति जेल राखेर छोडिएको थियो । कवि सिद्धिचरण श्रेष्ठ, जसलाई हामी युगकवि भन्छौँ, किनभने उहाँले युगको आवाजलाई मुखरित गर्ने गर्नुहुन्थ्यो । साहित्यकारहरु गोपालप्रसाद रिमालजस्ता अरु थुप्रै र अनेक योद्धाहरुको योगदान पनि महत्वपूर्ण छ ।

विसं १९९७ मा आएपछि हामी चार जनाको कुरा गरिराखेका छौँ, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गङ्गालाल श्रेष्ठ । एकैपटक चार जनालाई राणा प्रधानमन्त्रीको दरबारको पटाङ्गिनीमा बोलाएर लाइनमा उभ्याएर पहिलो फैसला सुनाइएको थियो, शास्त्रीजीलाई । उहाँ त्यस्तो सक्रिय राजनीतिमा भन्दा पनि धार्मिक ग्रन्थहरुको वाचन गरेर एउटा जनजागरण ल्याउने, जनचेतना जगाउने, मानिसलाई शिक्षित बनाउने, धार्मिक प्रवृत्ति र धार्मिकवाद समाजमा बढाउने अभियानमा लाग्नुभएको मानिस हुनुहुन्थ्यो । शास्त्रमा कहिलेकाहीँ अत्याचारी राजाहरु समाप्त हुन्छन् भन्ने लेखिएको हुन्थ्यो । त्यो कुरा शास्त्रीले भन्नुहुन्थ्यो, अत्याचारी शासकहरुको अन्त्य हुन्छ । यसो भएर त्यस्ता राजाहरु समाप्त हुन्छन्, जो अत्याचारी छन्, जनविरोधी छन्, जनताका दुःख, पिर र मर्काको वास्ता गर्दैनन् भन्ने कुरा शास्त्रमै वर्णित छ र त्यही शास्त्रका कुराहरु उहाँले विभिन्न शास्त्रमा वर्णित भएका कुराहरु सुनाउनुहुन्थ्यो । त्यसवापत उहाँलाई गिरफ्तार गरिएको थियो, १९९३ सालमा । प्रजापरिषद्सँग उहाँको सम्बन्ध होइन । प्रजापरिषद्को नेता, कार्यकर्ता भएको हुनाले उहाँलाई गिरफ्तार गरेको होइन । उहाँलाई अत्याचारी शासकहरु समाप्त हुन्छन् भनेको हुनाले गिरफ्तार गरिएको थियो । अरुले भने विद्रोह छेड्नुभएको थियो ।

गङ्गालालले त्रिचन्द्र क्याम्पसको विद्यार्थी हुँदा १९९४ सालमै पहिलोपटक मानवअधिकार सङ्गठनको स्थापना गर्नुभएको थियो । यद्यपि उहाँको उमेर त्यतिबेला थोरै नै थियो, १९ वर्ष । १९९५ सालमा उहाँले मानवअधिकारसम्बन्धी नेपालमै पहिलो वक्तव्य र मन्तव्य दिनुभएको थियो । मानवअधिकार किन आवश्यक छ, यो के हो र कसरी मानवअधिकारको प्राप्ति, रक्षा गर्नुपर्दछ र हामी कसरी अगाडि बढ्नुपर्छ भनेर उहाँले भाषण गर्नुभएको थियो । नेपालको राजनीतिक सत्ताविरोधी सङ्गठित भाषण उहाँले १९९७ मङ्सिर १३ गते इन्द्रचोकमा गर्नुभएको थियो । गङ्गालाल र गणेशमान श्रेष्ठ सिंहले एकैदिन शोभाभगवतीमा आफ्नै रगत अलिकति निकालेर त्यसमा छोएर, कसम खाएर प्रजापरिषद्को सदस्यता लिनुभएको थियो । उहाँहरुले सदस्यता एकै दिन लिनुभएको थियो । पछि दशरथ चन्दका काका हजुरबुबाहरु समेत राणाशासनसँगको टकरावको कारणले राणाशासन आएपछि धेरै वर्षसम्म पिथौरागढमा गएर आश्रय लिएर बस्नुपरेको थियो । राणाहरुसँग १३ वर्षपछि सम्झौता गरी उहाँहरु बल्ल फर्किनुभएको थियो । उहाँ एउटा राजनीतिक परिवारमा जन्मिनुभएको थियो ।

धर्मभक्त माथेमा, उहाँ राजा त्रिभुवनको कुस्ती गुरु वा खेल गुरु हुनुहुन्थ्यो । उहाँ एउटा बडीविल्डर जस्तो हुनुहुन्थ्यो र उहाँ एउटा पहलमान जस्तो व्यक्ति हुनुहुन्थ्यो । उहाँले त्रिभुवनलाई कुस्ती मात्रै, शारीरिक व्यायाम मात्रै सिकाउनुहुन्नथ्यो कि राणा शासकलाई कसरी धोवीपाठ लगाएर पछार्ने भन्ने पनि सिकाउनु हुन्थ्यो । अरु राजनीति पनि उहाँले सिकाउनुहुन्थ्यो ।

यसरी गङ्गालाल एउटा अत्यन्तै तेजवान्, गतिवान् र 'ब्राइट' युवा हुनुहुन्थ्यो । उहाँ बुझेको, खुलेको र खासमा आफैँ नयाँ नयाँ आइडियाहरु निकाल्ने, संगठनलाई गतिशील बनाउने र टंकप्रसाद आचार्यले १९९७ साल जेठ दोस्रो साता ड्राफ्ट गरेका पर्चाहरु वितरण गर्ने काम गंगालाल श्रेष्ठको थियो, गणेशमान श्रेष्ठको थियो । पछि उहाँहरु गिरफ्तार भएपछि टंकप्रसाद आचार्य, प्रजापरिषद्का संस्थापक रामहरि शर्मा, चूडाराजलगायतका नेताहरु समेतलाई सजाय भएको थियो । उहाँहरुलाई पनि लाइनमा उभ्याएर सजाय सुनाइएको थियो । पहिलो सजाय सुनाएको थियो-शुक्रराज शास्त्रीलाई, जसको नाम बोलाइन्थ्यो, उसले एक कदम अगाडि बढ्नुपर्दथ्यो र अगाडि बढेर म यहाँ हाजिर छु भनेर भन्नुपर्दथ्यो । अनि सजाय सुनाइन्थ्यो र सजाय सुनेपछि पहिलेकै लाइनमा उभिनुपर्दथ्यो । शुक्रराज शास्त्रीको नाम राणा प्रधानमन्त्रीले लिएपछि एक कदम अगाडि बढेर उहाँ सजाय सुन्न तयार हुनुभयो । शुक्रराज शास्त्रीलाई फाँसीको सजाय दिइएको छ भनेपछि उहाँले शान्तभावमा 'ॐ शान्ति' भन्नुभयो र एककदम पछाडि सरेर फेरि पहिलेकै लाइनमा उभिनुभयो । उहाँ आश्चर्यचकित हुनुभयो कि के कसुरमा शास्त्र वाचन गरेवापत् फाँसीको सजाय ! त्यसपछि दशरथ चन्दलाई सुनाइयो, जो पुस्तौनी क्रान्तिकारी हुनुहुन्थ्यो ।

यसैगरी धर्मभक्तलाई सुनाइयो, जो राजा त्रिभुवनका गुरु र प्रशिक्षक हुनुहुन्थ्यो र गङ्गालाललाई मृत्युदण्ड भनेर सुनाइयो । यसरी १० गते दुई जना र १५ गते राति अथवा १६ गते बिहान दुई बजेतिर अरु दुई जनालाई हत्या गरिएको थियो । दुई जनालाई झुण्ड्याएर र दुई जनालाई गोली ठोकेर हत्या गरिएको थियो । यही सम्झनामा सहिद दिवस मनाइरहेका छौँ । त्यसपछि सहिद दिवस मनाउने सिलसिला अगाडि बढ्दै गयो । २००७ सालका आन्दोलनमा मानिसहरु सहिद भए । त्यसपछि विभिन्न समयमा विभिन्न कारणले धेरैले सहादत प्राप्त गरे । पञ्चायती तानाशाही लागेपछि झन् धेरै मान्छेले सहादत प्राप्त गर्नुपऱ्यो । नियन्त्रणमा लिएर ज्यान मारिएको मात्रै होइन, अगाडिदेखि जेलमा हालिएका मान्छेलाई जेलबाट निकालेर नेल हत्कडी लगाएर जङ्गलमा लगेर गोली हानेर मारियो र जेल सार्न खोज्दा भागे भन्ने आरोप लगाइयो । झापामा पाँच जनालाई त्यसरी हत्या गरियो । त्यसमा रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुँइकेल र नारायण श्रेष्ठलाई एकै चोटी निकालेर हत्या गरियो । नेपालमा यति ठूलो सङ्ख्यामा पहिले नै गिरफ्तार गरेर जेलमा राखेका मान्छेहरुलाई हत्या गर्नेसम्मका जघन्य अपराधका घटनाहरु पञ्चायतकालमा घटे । पञ्चायत नामको तानाशाही निरङ्कुश व्यवस्था र निरङ्कुश राजतन्त्रलाई जोगाउनका लागि यी सबै कामहरु भएका थिए ।

त्यसैगरी २०३१ सालको ठ्याक्कै दशैँको मुखमा ओखलढुङ्गामा गिरफ्तार गरेर ल्याइएका चार युवाहरु लीलानाथ दाहाल, ठगीराज दाहाल, गोकर्णबहादुर कार्की र खगेन्द्रराज दाहाललाई एकैचोटी जेलबाट ल्याएर जावलाखेलबाट नख्खुतिर जाने जुन ओरालो बाटो छ, त्यसको अलिकति तलतिरपट्टी शिवदेवीको खेतमा लगेर गोली हानी मारियो । रातको ९/१० बजेको थियो, त्यतिबेला आसपासका मान्छेहरु ड्याङड्याङ गोली पड्किँदा छक्क परे । हरेकलाई दुई/चार गोलीका दरले हानिएको थियो र ठाउँको ठाउँ मारिएको थियो । सेन्ट्रल जेल सार्न खोज्दा भागे, त्यो उकालो चढ्दै गर्दा मान्छे भागे भन्ने आरोप लगाएर मारे । हत्कडी लगाएर लगेका मान्छेहरु कहाँ भाग्छन् ? तर, त्यस आरोपमा चार जनालाई मारियो । यसैगरी २०३० चैतमा धनकुटाका भीमनारायण श्रेष्ठ विराटनगरमा पक्राउ पर्नुभएको थियो । क्याप्टेन यज्ञबहादुर थापा, जसलाई ओखलढुङ्गाबाट राम-लक्ष्मणसँगै गिरफ्तार गरिएको थियो । राम-लक्ष्मणलाई ओखलढुङ्गामै हत्या गरिएको थियो र थापालाई काठमाडौँ ल्याइएको थियो । सेन्ट्रल जेलमा हामीसँगै थियौँ । श्रेष्ठ र क्याप्टेन थापासमेत सँगै थियौँ । तत्कालीन सरकारले हाम्रै अगाडिबाट राति उहाँहरुलाई तानेर लगेर एउटालाई हेटौँडाको जङ्गलमा र एउटालाई कमलाको जङ्गलमा गोली हानेर हत्या गऱ्यो ।

सहिदहरुको सिलसिला धेरै छ, नाम याद गरेर साध्य छैन । जेलबाट निकालेर गोपाल गुरागाईँलाई २०१८ सालमा हत्या गरेको थियो । २०१८ सालमा नेपाली कांग्रेसका धेरै नेता कार्यकर्ताहरुको हत्या भएको थियो । भारत प्रवासमा गएकाहरुलाई यहाँबाट गोली हान्ने जत्था पठाएर त्यहाँ षडयन्त्रपूर्वक गोली हानिएको थियो । यो सिलसिला जारी थियो । यो सिलसिला अब अन्त्य भएको छ । 'डेमोक्रेसी'ले यो सिलसिलालाई अन्त्य गरेको छ । यसबीचमा डेमोक्रेसीभित्र पनि केही विकृतिहरु र केही डेमोक्रेसीलाई बुझ्ने कुराको कमीहरु रहे । त्यसले केही नहुनुपर्ने कामहरु भए । तर, त्यसबाट लोकतान्त्रिक प्रणाली र त्यसका सञ्चालकहरुमा स्वतः आफैँ पनि र जनताको आलोचनाबाट पनि एउटा शिक्षा प्रदान भएको छ र त्यसलाई सबैले मनन् गरेका छन् । अब जनताको त्यस प्रकारले षड्यन्त्रपूर्ण ढङ्गले ज्यान जाने अथवा क्रुरताका साथ हत्या गरिने, शासन सत्ताका लागि हत्या गरिने त्यस्तो सिलसिला रहेको छैन । तानाशाही शासन सत्तालाई बचाउनका लागि हत्या गर्ने प्रचलन अन्त्य भएको छ ।

अब हामी लोकतान्त्रिक प्रणालीमा आइसकेका छौँ । यतिबेला हामी नेपाललाई शान्तिपूर्ण नेपाल, सुशासनयुक्त नेपाल, भ्रष्टाचार मुक्त नेपाल, विकासको बाटोमा अगाडि बढेर समृद्धि हासिल गर्न सङ्कल्पित रहेका छौँ । 'समृद्ध नेपाल र सुखी नेपाली' भएको नेपालको गन्तव्यतर्फ हामी अगाडि बढिरहेका छौँ ।

लोकतान्त्रिक प्रणालीको रक्षाका लागि, लोकतान्त्रिक प्रणालीलाई लोकतान्त्रिक प्रक्रियाअन्तर्गत सञ्चालन गर्नका लागि, यसलाई संवैधानिक र कानुनीराजको हिसाबले लिएर जानका लागि, कानुनलाई न्यायोचित कानुनको रुपमा निर्माण गर्नका लागि, संशोधन गर्नका लागि र संविधानमा कतिपय कमीहरु छन् भने वा संविधान कार्यान्वयनको सन्दर्भमा कतिपय ठाउँमा परिवर्तनभागी देखियो, परिवर्तन गर्न आवश्यकता देखियो भने त्यसलाई यथोचित संवादबाट सबैलाई सहमत गराउने प्रयासका साथ संशोधन गर्ने कुरामा पनि वर्तमान सरकार प्रतिबद्ध छ ।

यो लोकतान्त्रिक सरकार हो । यसको आचरण लोकतान्त्रिक हुनेछ । सरकारले लोकतान्त्रिक प्रक्रियालाई इमानदारिताका साथ मनन गर्नेछ । यो देशभक्त सरकार हो । राष्ट्रिय हितको रक्षा र सम्बर्द्धन, राष्ट्रिय स्वाधीनता र स्वाभिमानको रक्षा हामीलाई सहिदले सिकाएको कुरा हो । बलिदानबाट प्राप्त गरेको प्रणाली र शिक्षालाई कदापि छोड्न सक्दैनौँ । नेपाल राष्ट्र र नेपाली जनतामा कुनै प्रकारको दुःख नहोस्, अशान्ति, भय त्रासमा कोही पनि बस्न नपरोस्, सबै शान्तिपूर्ण र निर्भय वातावरणमा बस्न सकून् भन्ने पक्षमा सरकार छ ।

हामीले लोकतन्त्र ल्याएका छौं । लोकतन्त्र भनेको 'एनार्किजम' होइन । लोकतन्त्र भनेको एउटा विकसित, व्यवस्थित, सभ्य, सुशासनयुक्त प्रणाली हो । त्यसलाई त्यसैरुपमा राख्नुपर्दछ । यदि व्यवस्थामा कहीं कतै परिमार्जन र परिवर्तन गर्नुछ भने वा शासन सञ्चालकहरूमा परिवर्तन, परिमार्जन, हेरफेर केही गर्नुछ भने लोकतान्त्रिक प्रक्रिया र विधिबाट यस प्रणालीको रक्षा गर्न सकिन्छ । लोकतन्त्रका नाममा अराजकता, जनतालाई विभाजित गर्नेजस्ता कुराहरु, अनेक प्रकारका साम्प्रदायिक विद्वेष फैलाउने कुराहरु, देशलाई एकताबद्ध हुन नदिने खालका प्रयासहरु कुनै कुराहरु पनि स्वीकार्य हुने छैनन् ।

विकासका काममा, शान्ति सुव्यवस्थाका काममा, राष्ट्रिय एकता निर्माण गर्ने कुरामा र एकताबद्ध राष्ट्र विकासको अभियानमा लाग्ने कुरामा अहिलेको सरकारले जनतालाई नेतृत्व दिनेछ । कानुनी हिसाबले, नीतिगत हिसाबले र व्यावहारिक हिसाबले अहिलेको सरकारले नेतृत्व गर्नेछ । तसर्थ, यस घडीमा म जनताप्रति उत्तरदायी लोकतान्त्रिक जननिर्वाचित सरकारको हिसाबले भन्न चाहन्छु कि जनताले जसरी विश्वास गरेर उत्तरदायित्व सुम्पिएका छन्, तद्अनुसार नै अहिलेको सरकारले देशलाई विकासको बाटोमा, सुशासनको बाटोमा अगाडि बढाउनेछ, भ्रष्टाचारमुक्त देशको बाटोमा अगाडि बढाउनेछ ।रासस

# 'सूचना प्रविधि क्षेत्रबाट वार्षिक रु १० खर्ब बढी आम्दानी गर्न सकिन्छ'



काठमाण्डु । सूचना प्रविधि क्षेत्रका जानकारहरुले नेपालले सूचना प्रविधि (आईटी) जनशक्ति उत्पादन गर्ने हो भने वार्षिक रु १० खर्बभन्दा बढी आम्दानी गर्न सकिने बताएका छन् । नेपाली कांग्रेसको उद्यमशील र साना तथा मझौला व्यवसायी विकास विभागले आयोजना गरेको सम्मेलनको आजको समूहगत छलफलमा उहाँहरुले सो धारणा व्यक्त गर्नुभएको हो ।

कांग्रेस केन्द्रीय पार्टी कार्यालय सानेपामा जारी नेपाल 'स्टार्टअप' र 'एसएमई' सम्मेलनको दोस्रो दिनको ' उद्यमशीलता र जनशक्ति विकासः आईटी क्षेत्रको लागि तयारी' शीर्षकको सत्रमा भएको छलफलका वक्ताहरुले आईटीमा थोरै लगानी गर्नसके राम्रो परिणाम हात पार्न सकिने बताएका हुन् ।

इनोभेटिभ नेपाल (आईएनजी) ग्रुपका प्रमुख सुलभ बुढाथोकीले नेपालको आइटी क्षेत्रमा धेरै अवसर भएकाले दक्ष जनशक्ति निर्माणमा लगानी आवश्यक भएको बताउनुभयो । आवश्यकताअनुसार जनशक्ति उत्पादन गर्नसकेमा वार्षिक रु १० खर्बभन्दा बढीको आईटी सेवा निर्यात गर्न सकिने उहाँको भनाई थियो ।

उहाँले भन्नुभयो, "अहिले हामीले दक्ष जनशक्ति निर्माणको लागि प्रयत्न गरिरहेका छौं ।

हरेक आईटी कलेजहरुमा कोटा नछुट्याइ सहजै आईटी पढन सकिने व्यवस्था गर्नुपर्ने नीति अवलम्बन गर्नुपर्छ भनेर लविङ गरिरहेका छौं ।" अहिले विश्वभर सबैभन्दा बढी आर्थिक उपार्जनको स्रोत बनेको पर्यटन क्षेत्रलाई पनि आईटीले उछिनिसकेको छ ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका डिन प्राडा महाननन्द चालिसेले अहिलेको समयमा प्राविधिक शिक्षासहितको व्यवसायिक ज्ञानमा राज्यले ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले पढाइमा सरकारले प्राविधिक पक्षमा ध्यान दिनुपर्ने उल्लेख गर्नुभयो । यसका लागि त्रिभुवन विश्वविद्यालयले निरन्तर आफ्नो तर्फबाट काम गरिरहेको पनि उहाँले जानकारी गराउनुभयो ।

उहाँले थप्नुभयो, "सरकारले नीति त ल्याउँछ तर प्राविधिक क्षेत्रमा विद्यार्थीलाई कसरी जोडने भन्ने बिषय समेटिएको छैन । हरेक संकायमा प्राविधिक र व्यवसायिक सिप सिकाउने गरी पाठ्यक्रम निमार्ण गर्ने र त्यसलाई व्यवहारिक रुपमा लागु गर्न आवश्यक छ ।"

सीनासका कार्यकारी निर्देशक मिर्गेन्द्र कार्कीले परिवर्तनशील समयअनुसार सपना देख्ने, लगानी गर्ने, र प्रयोग गर्ने क्षेत्रलाई छुट्याएर त्यसको ब्रान्डीङसहितको प्रचार गर्न आवश्यक भएको बताउनुभयो । उहाँले देशको भुगोल अनुसारको उत्पादित सामग्रीको राज्यले प्रवर्द्धन गर्न सकेको अवस्थामा समग्र आर्थिक रुपान्तरण गर्न सहज हुने उल्लेख गर्नुभयो ।

योङ इनोभेसनका संस्थापक विभूषण बिष्टले राज्यले आईटी क्षेत्रलाई समेट्ने गरी नीति ल्याएको अवस्थामा अहिलेको तुलानामा पाँच गुणा बढी जनशक्ति उत्पादन गर्न सकिने र त्यहीअनुसार सेवा निर्यात गर्न सकिने बताउनुभयो ।

उहाँले थप्नुभयो, "उद्यमशीलता एक माइन्डसेट हो । उद्यमी र सर्वसाधारण मानिसबीच के भिन्नता छ भने सामान्य मानिसले समस्या देखिरहेको हुन्छ भने उद्यमीले अवसर देखिरहेको हुन्छ । त्यो समस्या समाधान गर्ने प्रयास गरिरहेको हुन्छ । कुनै पनि उद्यमीले त्यसलाई कार्यान्वयन नगरेसम्म त्यो अवसर वा त्यो 'आइडीया'को मूल्य शून्य नै रहन्छ । शिक्षामा उद्यमशीलतालाई जोड्न आवश्यक छ र उद्यमशीलता पढेको व्यक्तिले मात्रै स्टार्टअप गर्नुपर्छ भन्ने हुँदैन ।"

त्यस्तै खिम्भु टेकका सीईओ कार्भिका थापाले स्टार्टअप सुरु गर्दा आफ्नो रुचीको विषय छानेर काम गर्न सकेको अवस्थामा मात्रै सफलता हात पार्न सकिने बताउनुभयो ।

उहाँले भन्नुभयो, "सुरुमै उद्यमशील बन्ने आधारको लागि सिप विकास आवश्यक छ । जे विषयमा क्षमता छ, त्यसैका लागि प्रयत्न गनुपर्दछ ।" कांग्रेस केन्द्रीय कार्यालयमा बुधबारदेखि सुरु भएको सम्मेलनले भर्खरै व्यवसाय प्रारम्भ गर्ने उद्यमी, व्यवसायीहरूलाई प्रोत्साहन गर्नुका साथै व्यवसायको प्रवर्द्धनसमेत हुने विभागका संयोजक उर्मिला थपलियाको विश्वास छ ।रासस


बैदेही हस्पिटल प्रा.ली. जनकपुर

साकेतनगर-९ संकट मोचन जानेबाटोमा बारहविघा भन्दा पश्चिम पट्टी

कर्मचारी आवश्यकता



| | |
|---|---|
| BSC Nursing | ५ जना |
| BN | ५ जना |
| Staf Nurs | ६ जना |
| HA | ४ जना |
| CMA | ४ जना |
| ANM | ४ जना |
| Accountant | २ जना योग्यता BBS वा सो सरह Computer को अनुभव |
| Cash Counter | ३ जना +2 पास Computer को अनुभव |
| Hospital Boy | ४ जना 10 पास |
| Gurd | ४ जना सधारण लेखपढ |

- प्रसुति वार्डमा काम गरेकालाई विशेष ग्राहयता दिनेछ ।
- पोष्टप वार्डमा काम गरेकोलाई विशेष ग्राहयता दिनेछ ।
- बच्चा वार्डमा काम गरेकोलाई विशेष ग्राहयता दिनेछ ।
- NICU वार्डमा काम गरेकोलाई विशेष ग्राहयता दिनेछ ।

सर्म्पक स्थान बैदेहि हस्पिटल


**समय:-** १० देखी ५ बजे सम्म

**सर्म्पक नं:-** ०४१-५९०९०६

**मोवाईल.:-** ९८१६८९१९५३

**आवेदन दिने मिति:-** २०८१/१०/१८ देखि १५ दिन सम्म हुनेछ ।

तलब भत्ता हस्पिटलको नियम अनुसार हुनेछ



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

सम्पादकीय

# स्वतन्त्रता कुण्ठित पार्ने प्रावधान विचारणीय

प्रेस तथा अभिव्यक्तिप्रविधिले सशक्ती गर्दछ । राज्यशक्तिलेअभूतपूर्व स्तरबाट प्रविधिगत क्षमताको प्रयोग मार्फत आधुनिक रुपका सञ्चारका सबैजसो साधनलाई नियन्त्रण गर्नेमात्र नभइ नागरिकको जीवन स्तरमा व्यापकस्तरमा जासुसी गरिरहेको बेला नेपालमा सञ्चार परिदृश्य परिवर्तनको सँघारमा उभिएको छ र राजनीतिक अस्थिरताको चक्रमा सञ्चारलाईसमेत पार्ने चिन्तनले चुनौती थपिने कार्य भइ नै रहेको छ । सञ्चार स्वतन्त्रता र गोपनीयताको अधिकारका पैरवी गरिरहेकालाई अहिले टाउको दुखाइको नयाँ विषय भएको छ। यी असाधारण परिवर्तनसँगै नयाँ विरोधाभास सतहमा देखा पर्न थालेका छन् । लोकतन्त्रका स्वनामधन्य पथप्रदर्शक नै संविधानमा अन्तर्निहित गरेका स्वतन्त्रतालाई आघात हनन गर्न विधेयक छलफलमा ल्याएको अध्यायमा पुनः विधेयककै बारेमा विरोधका स्वर सुनिन थालिएको छ । स्वयम् सता साझेदारकै जिम्मेवार नेताबाट र सञ्चारसँग सम्बद्ध संस्थाले सरकारी विधेयकमा असहमति जनाउने क्रमले तीव्रता पाएको छ। रवि लामिछाने गृह मन्त्री भएको बेला पनि स्वतन्त्रतामाथि प्रतिबन्धजन्य विधेयक प्रस्तुत गरिएको थियो। नागरिकको अभिव्यक्ति स्वतन्त्रता र प्रपोगण्डाको साधनका रुपमा मिडियाको प्रयोगको सेरोफेरोमा चक्कर लगाइरहेको छ । राजनीतिक छाल र समयसँगै प्रभावित पार्ने क्रम निरन्तर रहेको छ। प्राज्ञिक निर्क्यौलको सट्टा निहित स्वार्थका कारण परिवर्तनका विषयलाई लिएर खैलाबैला मच्चिने गर्दछ। मुख्यतः निसास्सिँदो राजनीतिक र व्यावसायिक कब्जाबाट मुक्त राख्ने इमान्दार प्रयास नहुनु जरोका रुपमा रहेको छ । तीव्र विकासको क्रममा रहेको यो क्षेत्रले नीति निर्मातासंग मात्र नभइ पेशाकर्मीसंग पनि जुध्नु परिहेको छ। यी चुनौती बीच सरकारले सघीय संसदमा सामाजिक सञ्जाल , प्रयोग तथा नियमनसम्बन्धी दर्ता गराएको विधेयकले सीप , ज्ञान र कर्तव्यको संयोजन जस्ता अधिकार तत्वमाथि संकुचनको संकेतबोधकको आरोप पाएको छ। सञ्चारको अधिकार सवतन्त्रता र लोकतन्त्रतर्फको निरन्तरको विस्तार हो। हरेक युगमा मानव जातिले सञ्चारलाई कटौती गर्न खोज्ने राजनीतिक ,आर्थिक , सामाजिक र धार्मिक प्रभुत्ववादी शक्तिसँग संघर्ष गर्नु परेको छ। आमजनताको सुसुचित हुने चाहनाले नै सञ्चारका निम्ति मानव स्रोत र प्रविधिको विकास गराउँदै आएको हो । यस्तो अवस्थामा संविधानको मौलिक हकको रक्षा गर्नु सबैको दायित्व हो तर संघीय संसदमा दर्ता गराइएको मौलिक हकमाथि आघात पुऱ्याउने सञ्चार सम्बद्ध संस्थाको ठम्याइ हुनु विधेयक आपत्तिजनक भएको स्पष्ट गर्दछ । अभिव्यक्ति स्वतन्त्रतामा आधात पार्ने व्यवधान हटाइ विश्वव्यापी मानव अधिकार , प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको मूल्य मान्यता , संवैधानिक प्रावधान र प्रचलित अभ्याससँग तालमेल मिल्ने गरी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित पार्ने प्रावधान सच्याउनु आवश्यक छ।

# गान्धीजीको अन्तिम उपवास र हत्याको दुखद् घटना



सञ्जय पन्थी

महात्मा गान्धी जीवनका अन्तिम दिन साह्रै निराश हुन पुगेका थिए। दैनिक बिहान र साँझ प्राथना गर्थे । प्राथनापछिको व्याख्यानमा आफ्नो मृत्युको पुकारा गरिरहन्थे । कारण, देशमा स्वतन्त्रतापछिको बर्बरताको साक्षी बन्नु पर्दा उनी दुःखी थिए। हिन्दू र मुस्लिम समुदायबीच द्वन्द्व चलिरहेको थियो । भारत अशान्त थियो। राजनीतिमा आफैंले विश्वास गरेका व्यक्ति शासक थिए तर उनको विचारको सुनुवाइ भइरहेको थिएन।


गान्धीको जीवनमा २४ वर्षसँगै व्यतीत गरेका स्व नारायणभाइ देसाईका अनुसार गान्धीको जीवनको अन्तिम आमरण अनशन १३ जनवरी १९४८ मा बिहान ११:५५ बजे बिडला हाउस दिल्लीमा भएको थियो। त्यसो त जातीय दङ्गा र विभाजनले अक्रान्त तत्कालीन भारतमा समाधानका अथक सूत्र उनी साबित थिए। त्यसैले उनले जनवरी १२ मा नै आफ्नो अनशन घोषणा गरे, दिल्लीमा हिंसा नरोकिएका भन्दै शान्तिका लागि उनी अनशन बसेका थिए । उनले भनेका थिए- मेरा सबै अपिलहरू व्यर्थ साबित भएका छन् । मलाई डर छ कतै यो हिंसा विस्फोट हुने त है न। त्यसैले भोलि बिहानदेखि मेरो अनिश्चितकालीन अनशन शुरु हुनेछ। म अहिंस्रक व्यक्ति हुँ र अहिंस्रक व्यक्ति असहाय हुन सक्दैन, उसले हार स्वीकार गर्न सक्दैन र त्यसैले म आफूलाई क्रूसमा अर्पण गर्दैछु। म अहिंसाको साधक भएकाले ममा कुनै कमी छ कि भनेर परीक्षण गर्नको लागि पनि मैले यो साधना गर्नुपर्छ।

गान्धीजीको अनशनको दिन, बिडला हाउसमा भारतीय र विदेशी पत्रकारको यति ठूलो भीड थियो कि त्यस अनशनले एउटा नयाँ आयाम थियो, जुन उनको कलकत्ता अनशनमा त्यति व्यापक थिएन । पत्रकार छक्क परे किन गान्धीजीले अचानक एक दिन अगाडि नै यो उपवास किन घोषणा गरे ? केही मानिस भन्दै थिए कि गान्धीजीले मुस्लिमका लागि यो अनशन गरे, केही मानिस भन्दै थिए, कि गान्धीजीले पाकिस्तानले आफ्नो ५५ करोड रूपैयाँ दिलाउन।

तर बिडला भवनको आँगनमा घाम तापेर सुतिरहेका ७८ वर्षीय गान्धीका लागि यी कुरा सामान्य थिए । गान्धीजीलाई देशवासीको पीडा राम्ररी जानकारी थियो र सायद त्यसैले उनले हिंसा विस्फोटको खतरा महसुस गरेका थिए । हिंसालाई नजिकबाट उनले नियालिरहेका थिए। उनले आफ्नो ज्यान बलिदान दिएर भए पनि यो देश र दिल्ली बचाउनु पर्छ भन्ने महशुस गरे।

गान्धीको अनशन उनको अन्तःस्करणको आवाज थियो, केबल उनले मात्र महशुस गरे । हिंसाको ज्वालामा उनले घोर अन्धकार महसुश गदै उनले त्यस्तो निर्णय गर्नुपरेको थियो । त्यसो त उनले सधैँ आफ्नो उपवासको कारण सार्वजनिक गर्थे। उनले आफैँले त्यो व्रतका शर्तहरू तय गरे र जनतासामु राखे । उनले यसलाई आत्मनिरीक्षण वा आत्मशुद्धिको सबैभन्दा ठूलो माध्यम बनाए। ७८ वर्षीय बृद्ध गान्धी १३ जनवरी १९४८ देखि १८ जनवरी १९४८ सम्म दिल्लीमा आमरण अनशन बसे । त्यसले हङ्गामा नै मच्चियो । १९४८ मा आफ्नो अन्तिम आमरण अनशनमा गान्धीले सम्पूर्ण विश्वलाई दिएको स्पष्ट सन्देश यो थियो कि 'आत्मविश्वासले भरिएको व्यक्ति कहिल्यै डराउँदैन।' त्यसैगरी, आत्मविश्वासले भरिएको देश पनि डराउँदै न । गान्धीका उपवासको बारेमा विश्वभर व्यापक अनुसन्धान भएको छ र भइरहेको छ।

अनि जो डराउँदैन, उसको मनमा कसैप्रति घृणा हुँदैन । डर कमजोरीको सङ्केत हो । नैतिक आत्मविश्वासको कमीबाट डर उत्पन्न हुन्छ । स्व नारायणभाई देसाईका अनुसार गान्धीको अन्तिम उपवासलाई केही मानिसले जे सुकै भनुन्, तर सारा संसारले यो विश्वास गर्छ कि गान्धीको अन्तिम उपवासले देशलाई अराजकताको आगोबाट बचाएको थियो । गान्धीले जस्तै उपवास बस्नु सबैको वशको विषय र शक्ति हुँदैन । उपवास बस्नको लागि, व्यक्तिले आफ्ना विश्वासजनबाट अधिकार



प्राप्त गर्नुपर्छ; त्यसको लागि, व्यक्तिले आफ्नो सम्पूर्ण जीवन मानिसहो सुख-दुःखमा समर्पित गर्नुपर्छ । स्वतन्त्रतापछि कुनै पनि नेताले त्यसो गर्न सक्दैनथ्यो र गरेनन् पनि।

गान्धी शान्ति प्रतिष्ठान दिल्लीका अध्यक्ष कुमार प्रशान्तले, गान्धी आफ्नो हत्या हुनुभन्दा एक वा दुई दिन अघि उनले अर्को कठिन काम गर्ने सोचिरहेको घटना सुनाउँछन्।

उनी चाहँदैनथे कि भारतको छिमेकमा सधैँको लागि स्थायी शत्रु रहोस् । त्यसकारण, तिनीहरूले मारिएका र पाकिस्तानबाट धपाइएका हिन्दू र सिखहरूलाई फिर्ता लिनेछन्, र मारिएका र यहाँबाट धपाइएका मुस्लिमलाई पाकिस्तानबाट फिर्ता ल्याउनेछन्। त्यसैले उनले सुशीला नायरलाई जिन्नाहकहाँ पठाएका थिए । शर्त थियो, कि उनी हिन्दू र सिखहरूसँग पासपोर्ट र भिसाबिना पाकिस्तान आउन चाहन्छन् । यदि जिन्नालाई यो गलत र गैरकानुनी लाग्यो भने उनले उनलाई पक्राउ गरेर जेल हाल्न सक्थे। जब सुशीला नायर जिन्नाह कहाँ पुगिन्, जिन्नाह त्यस बखत भनेका थिए, तिमी गिरफ्तारीको कुरा गर्छौ, गान्धी पाकिस्तानमा जतिबेला पनि जहाँ चाहन्छन् त्यहाँ आउन वा जान सक्नेछन् । तर म अनुरोध गर्दछु कि यहाँ गान्धीजीको सुरक्षाको जिम्मेवारी पाकिस्तान प्रहरीले लिनुपर्छ किनभने यदि पाकिस्तानमा गान्धीजीलाई केही भयो भने पाकिस्तानको नाम नक्साबाट मेटिनेछ । दुर्भाग्यवश गान्धीले यो गर्नु परेन। तर पाकिस्तान भारतका लागि सधैँको लागि समस्या बन्यो । आज पनि भारतमा गान्धी जस्तैं- बन्ने चाहना र आकांक्षी देखिन्छन् तर कोही उपवास बस्यो भने पनि केही हुदैन; त्यो अवस्था पनि छैन।

गान्धीको जतिसुकै विरोध गरे पनि आज कतिपय व्यक्ति गान्धी बन्ने चाहना राख्ने छन् र त्यस्तो चाहना राख्ने सधैँ रहनेछन्। उनी हाम्रो सबैभन्दा ठूलो आदर्श हुन्। सम्पूर्ण संसारको लागि एक आदर्श साबित छन्। यसमा विश्वका लागि हरेक नेताले आफूलाई उनीसँग तुलना गर्छन्। गान्धी वर्तमान भारतसँग जोडिएका र कहिल्यै विस्मृत नहुने पात्र हुन् । हामी विश्वास गर्न सक्दैनौं कि मोहनदास गान्धी १९४७ भन्दा पहिले अस्तित्वमा थिए वा आज।

त्यसदिन पनि गान्धीको नित्य प्रार्थनाको समय साँझ ५ बजे थियो । तर त्यस दिन गृहमन्त्री बल्लभभाइ पटेल भेट्न आएकाले १५ मिनेट ढिलाइ भएको थियो । कुराकानीको विषय गम्भीर भएकाले पनि उनले भेटघाटलाई अतिरिक्त समय दिए । प्राथनाका लागि जुटेका करिब दुई सय ५० जना धैर्यधारण गरिरहेका थिए।

भेटघाटपछि उनी नातिनी आभा र मनुको काँधमा हात राखेर प्राथनासभातर्फ लम्किरहेका थिए। सँगसँगै ढिलाइ भएकामा आफ्ना सेविका एवं नातिनीलाई झपार्दै थिए । नातिनीले भनिन्, 'त्यति महत्वपूर्ण व्यक्तिसँग गम्भीर विषयमा छलफल चलेको थियो, कसरी तपाईंलाई प्राथनाको समय भयो भनेर अत्याउन सक्थ्यौँ र ?' गान्धीले जवाफ फर्काए, 'नर्सको कर्तव्य बिरामीलाई समयमै औषधि सेवन गराउनु हो, ढिलाइ भयो भने बिरामी मर्न पनि सक्छ।'

त्यही नै उनको जीवनको अन्तिम संवाद हुन पुग्यो। उनी मञ्चतर्फ उक्लँदै उपस्थित जनको नमस्ते फर्काउँदै थिए । गान्धी तीन-चार सिँढी मात्र के चढेका थिए, नाथुराम गोड्से भीडमा हत्याको तयारीसाथ प्रतीक्षारत रहेछ। उसले केही झुकेजस्तो गरी गोजीबाट बन्दुक निकालेर गान्धीको छातीमा गोली बर्सायो। गान्धीले अन्तिम समयमा 'हे राम, हे राम' मात्र भनिरहे। उनको तत्काल निधन भइहाल्यो।

देसाईका अनुसार छैटौँ पटकको प्रयासमा उनको हत्या भएको हो। आज त्यही दिन हो, ३० जनवरी। विश्वकै इतिहासमा क्रूर अनि बीभत्स दिनका रूपमा दर्ज छ। सन् १९४८ जनवरी ३० तारिखको साँझ ५:१७ (भारतीय समय) मा गान्धीको अकल्पनीय हत्या भयो । गान्धीलाई मुस्लिम धर्मावलम्बीको पक्षपोषण गरेको आरोप लागेको थियो । उनको हत्यासँग जोडिएको सवालमा भारतमा अहिलेसम्म राजनीति हुँदै अएको छ । गान्धीको हत्याराको पक्षपोषण गर्ने शक्ति (दल) भाजपा अहिले भारतको सत्तामा छ । हत्यारा नाथुराम गोड्से थियो भने योजनाकार वीर सावरकार।

उनको हत्याको पहिलो प्रयास सन् १९३४ मा पुनाको एक सम्मान समारोहमा गरिएको थियो। तर गान्धी बच्न सफल रहे । दोस्रोपटक सन् १९४४ जुलाई २२ तारिखका दिन गोड्सेले नै आगाखान प्यालेसमा छुरा प्रहार गरेको थियो। तेस्रो प्रयास सन् १९४४ मै सेवाग्राम आश्रममा भएको थियो। दोस्रो प्रयास भएको केही दिनमा फेरि अर्का पात्र माधवराव सदाशिव गोलकर त्यसरी नै छुरा प्रहार गर्दा समातिएको थियो। चौथो प्रयास सन् १९४६ जुन ३० मा फेरि त्यही समूहले प्रयास गरे पनि सफल हुन सकेको थिएन। पाँचौँ प्रयास सन् १९४८ जनवरी २० तारिख थियो । दिल्लीस्थित विडला भवनको गान्धीको प्राथनासभामा सुतली बम प्रहार गरिएको थियो।

उक्त घटनामा मदनलाल पहवा नामक युवकलाई पक्राउ गरिएको थियो । पहवाको साबिती बयानले गान्धीको हत्यामा उसलाई परिचालन गर्ने व्यक्ति सावरकर नै रहेको पुष्टि हुन्छ।

३० जनवरी १९४८ मा भारतको स्वतन्त्रता आन्दोलनका नेता एमके गान्धी (महात्मा गान्धी) को नयाँ दिल्लीको बिडला हाउस (अहिले गान्धी स्मृति) को परिसरमा हत्या भएको थियो । त्यसबेलादेखि, जनवरी ३० लाई भारतमा शहीद दिवसको रूपमा मनाइन्छ । गान्धी जीवित छैनन् तर उनको छाप जनजनमा अझै छ । त्यसैले गान्धी भारतको राजनीतिमा अदृश्य शक्ति हुन् । भारतमा जब-जब निर्वाचन हुन्छ, गान्धीका बारेमा बहस हुन्छ।

उनको हत्यारा नाथुराम विनायक गोडसे थिए, जो अति दक्षिणपन्थी हिन्दू सङ्गठन, हिन्दू महासभाका सदस्य थिए।

गोडसेसँगै, हत्या र षड्यन्त्रको लागि अन्य आठ जनालाई अभियुक्त र गिरफ्तार गरिएको थियो। २७ मे १९४८ मा मुद्दा सुरु भयो र अदालतले एक जनाबाहेक सबै प्रतिवादीलाई आरोपित रूपमा दोषी ठहर गऱ्यो।

हत्याको षड्यन्त्र र विस्फोटक पदार्थ ऐनको उल्लङ्घनको लागि आठ जनालाई दोषी ठहराइयो । नाथुराम गोडसे र नारायण आप्टेलाई फाँसी दिएर मृत्युदण्डको सजाय सुनाइयो र बाँकी छ जनालाई आजीवन कारावासको सजाय सुनाइयो । (लेखक अहिंसा र गान्धी विषयका अध्यता हुनुहुन्छ।)

# लोकतान्त्रिक शासनमा भाषाको सवाल



श्रीमननारायण

मधेश प्रदेशको सरकारले नेपालीका अतिरिक्त मैथिली, भोजपुरी, बज्जिका र हिन्दीलाई कामकाजको भाषा घोषित गरेपछि केही विरोधका स्वर गुञ्जिएका छन् । मातृभाषाको आफ्नो स्थान छ, नेपालका प्रायः मातृभाषाले राष्ट्रभाषाका रूपमा मान्यता पनि प्राप्त गरेका छन् तर नेपालमा बोलिने सबै मातृभाषा सरकारी कामकाजको भाषा हुन सक्दैनन्।

सरकारी कामकाजको भाषा हुन कम्तीमा यसको स्वीकार्यता सम्मानजनक र यो जन-जनको भाषा हुन आवश्यक छ । प्रदेश सरकारले सामेल गरेको यस सूचीमा अन्य भाषालाई पनि राख्न सकिन्छ तर तत्कालै यसको विरोधमा सडकमा आउनुको औचित्य छैन । एकातिर विगत सात वर्षदेखि प्रदेश सरकारले सरकारी कामकाजको भाषा घोषित गर्न सकेन भन्ने आलोचना पनि गर्ने अर्कोतिर सरकारले निर्णय लिँदा यसको विरोध पनि गर्ने ? विरोधका लागि विरोध गर्नुको कुनै अर्थ छैन।

लोकतन्त्रमा सबैले आ-आफ्नो भाषा-संस्कृतिको संरक्षण र संवर्द्धनको अवसर पाउनुपर्छ। राजकीय सहयोग र संरक्षणविना कुनै पनि भाषा एवं संस्कृतिको विकास सम्भव हुन सक्दैन। 'एक राष्ट्र एक भाषा' नीतिअन्तर्गत प्रशासन, शिक्षा, सञ्चार आदि महत्त्वपूर्ण क्षेत्रमा नेपाली भाषा मात्रको प्रयोग रहेकाले पहाडका २० लाख जनजातिले पनि आ-आफ्ना मातृभाषा परित्याग गरी नेपाली भाषालाई आत्मसात गर्न पुगे। पहाडका धेरै भाषा लोपोन्मुख छन्।

माओवादीको एक दशक लामो सशस्त्र संघर्षको परिणामस्वरूप देशका अन्य भाषाभाषीको विकास एवं संरक्षण हुन सक्ने आशा गरिएको थियो । माओवादीमा पनि त्यो अडान रहेन । भाषा-संस्कृतिको सवाललाई लिएर उत्पन्न हुने गरेका विरोध एवं अवरोधका कारण हाम्रो भाषानीति रचनात्मक साबित हुन सकेको छैन । देशको सङ्घीय संसद्मा हिन्दी भाषाको प्रयोगमाथि बन्देज लगाइनुपर्ने स्वर उठ्नुलाई लोकतन्त्रको हितमा मान्न सकिँदैन । विस्तृत आकाशको इच्छा राख्नेले सिंगो आकाश हाम्रो हो, तारा र नक्षत्रहरू नउदाऊ भन्न सुहाउँदैन। आकाश चाहिन्छ भने तारा र नक्षत्रसहितको आकाशलाई स्वीकार गर्ने विशाल एवं उद्धार हृदय (मुटु) बनाउनुपर्छ । नेपालजस्तो बहुजातीय, बहुभाषिक एवं विधि, संस्कृति र परम्परा बोकेको मुलुकमा भाषा नीति एकांगी र संङ्कीर्ण हुन सक्दैन।

छिमेकी भारतको संविधानको अनुसूची ८ मा नेपालीभाषालाई त्यहाँको सरकारी भाषाको रूपमा मान्यता दिइएको छ। यो हाम्रा निम्ति गर्वको कुरा हो तर नेपालमा हिन्दीभाषाको प्रयोग गरिँदा त्यसमा प्रश्न उठाउनुले हाम्रो संकुचित मानसिकतालाई संकेत गर्छ।

प्राचीनकालमा नेपालमा भाषालाई लिएर कुनै समस्या वा विवाद थिएन । संस्कृतलाई नै सबै भाषाको स्रोत मानिन्थ्यो । मध्यकालमा नेवारीसँगै मैथिली भाषाले राजदरबारमा स्थान पाउन सफल रहे । उपत्यका बाहिरका स-साना राज्यमा मैथिली, अवधि, भोजपुरी र हिन्दी दरबारको भाषाका रूपमा मान्य थियो। राजधानी काठमाडौँ लगायत पूरै नेपालका निम्ति पनि नेपालीपछिको दोस्रो सम्पर्क भाषाका रूपमा हिन्दी भाषा स्वीकार्य रहिआएको छ। गीत, सङ्गीत, अध्ययन-अध्यापन, मनोरञ्जन, भजनकीर्तन, धार्मिक पुस्तक, सिनेमाका माध्यमबाट हामीकहाँ हिन्दी भाषाको उपयोग हुँदै आइरहेकै छ।

नेपाली हाम्रो राष्ट्रभाषा हो । यसको उपयोगिता, स्वीकार्यता तथा महत्त्व सर्वविदित र प्रमाणित नै छ। नेपाली भाषाको उपयोग र प्रयोग विश्वको अनेकौँ देशमा बस्ने नेपाली र नेपालीभाषीले गर्दै आएका छन्। दक्षिणी छिमेकी भारतको संविधानको अनुसूची ८ मा नेपालीभाषालाई त्यहाँको सरकारी भाषाको रूपमा मान्यता दिइएको छ। यो हाम्रा निम्ति गर्वको कुरा हो तर नेपालमा हिन्दीभाषाको प्रयोग गरिँदा त्यसमा प्रश्न उठाउनुले हाम्रो संकुचित मानसिकतालाई संकेत गर्छ। उदार भाषानीतिले राष्ट्रिय एकतामा बल पुऱ्याउने गर्छ।

नेपालमा २००७ सालको राजनीतिक परिवर्तनपछि भाषा विवाद बढी चर्केको हो। २०१३ सालतिर राष्ट्रिय शिक्षा आयोगको गठन गरियो । त्यसले बुझाएको प्रतिवेदनमा विद्यालय स्तरीय शिक्षा नेपालीमा मात्र दिलाइने सिफारिस गरिएको थियो । त्यति बेलासम्म नेपालमा हिन्दी भाषामै बढी पठनपाठन हुन्थ्यो । प्रधानमन्त्री डा. केआई सिंहको सरकारले त्यस सुझावको कार्यान्वयन पनि गऱ्यो । तराई कांग्रेसका वेदानन्द झा तथा रामजनम तिवारी र हिन्दी रक्षा समितिद्वारा यसको चर्को विरोध गरियो। नेपाली कांग्रेसका तत्कालीन वरिष्ठ नेताहरू रामनारायण मिश्र, महेन्द्र नारायण निधि, देवनाथ दास यादव, सूर्यनाथ दास यादव, दानालाल चौधरी, केवल चौधरी, काशी प्रसाद श्रीवास्तव, उद्योगपति कृष्ण गोपाल टण्डन आदिले सम्पूर्ण तराईमा यस आन्दोलनलाई तीव्र पारेका थिए । फलस्वरूप तत्कालीन राजा महेन्द्रको निर्देशनमा प्रधानमन्त्री केआई सिंहले आफ्नो निर्णय फिर्ता लिए। हिन्दी भाषाको पक्षमा देखिएको यस समर्थनलाई कमजोर पार्न राष्ट्रिय जनगणनामा हिन्दीको सट्टा मैथिली, भोजपुरी र अवधि आदि भाषा उल्लेख गर्ने काम भयो।

त्यस आन्दोलनअघि गरिएको जनगणनाले तराईमा हिन्दी भाषा बोल्नेहरू नेपालीपछि दोस्रो स्थानमा रहेको देखाएको थियो । तराई आन्दोलनपछिको जनगणनामा हिन्दीलाई न्यून स्थानमा पुऱ्याइयो । तराई कांग्रेसका वेदानन्द झा र काशीप्रसाद श्रीवास्तवले यसको चर्को विरोध गरे। पछि विवाद मिलाउने नाममा 'संशोधन मण्डल'को गठन गरियो, जसमा हिन्दी विरोधीहरू बढी संख्यामा थिए। २०१५ सालको आम निर्वाचनका कारण यो प्रतिवेदन चर्चामा आएन। त्यसपश्चात् बनेको नेपाली कांग्रेसको सरकार हिन्दी भाषाप्रति उदार थियो र बीपी कोइरालाको मन्त्रीमण्डलले हिन्दी भाषालाई नेपालको दोस्रो भाषा घोषित गर्ने सम्पूर्ण तयारी पनि गरिसकेको थियो तर राजा महेन्द्रको प्रजातन्त्र विरोधी कदमका कारण यो विषय पनि ओझेलमा पर्दै गयो।

पञ्चायती व्यवस्थाको ३० वर्षमा 'एउटै भाषा एउटै भेष'को नारालाई कठोरपूर्वक कार्यान्वयनमा ल्याइयो । २०२८ सालमा नयाँ शिक्षा योजना लागु भएपछि हिन्दी माध्यमका शिक्षालाई निरुत्साहित पारियो। कक्षा ९ र १० मा हिन्दीलाई वैकल्पिक विषयमा राखिए पनि हिन्दीको शिक्षक उपलब्ध गराइएन। परिणामतः हिन्दी उपेक्षित हुँदै गयो । पञ्चायती व्यवस्थाको उत्कर्षकालमा मरिचमान सिंहको सरकारले बढुवाका लागि हिन्दी, मैथिली र नेवारीमा स्नातकोत्तर उपाधिको मान्यता नै समाप्त गऱ्यो। लोकसेवा आयोगले अन्य भाषाको मान्यता समाप्त गऱ्यो भने साझा प्रकाशनले अङ्ग्रेजी र नेपालीबाहेकको भाषा र संस्कृतिलाई समाप्त गर्न हरसम्भव प्रयास गऱ्यो।

देशमा २००७ सालको अन्तरिम संविधानदेखि २०७२ सालको नयाँ संविधान एवं केही वर्षअघि दर्ता भएको भाषासहितको संशोधन विधेयकसम्म गैरनेपाली भाषाभाषी समुदायको भाषिक अधिकारलाई शब्दजालमा सीमित राखियो; सही अर्थमा यिनीहरूको भाषिक अधिकारको सुनिश्चितता भने हुन सकेन।

काठमाडौँ महानगरपालिकाले नेपालीको अतिरिक्त नेवारी र राजविराज नगरपालिका एवं धनुषा जिल्ला विकास समितिले मैथिली भाषालाई आ-आफ्नो कार्यालयमा प्रयोग गर्ने निर्णय गरेका थिए। यसविरुद्ध सर्वोच्च अदालतले १८ जेठ २०५६ मा फैसला गऱ्यो, जसले भाषा अभियन्तालाई निरुत्साहित बनाउने काम गऱ्यो।

भाषिक विभेदका मुद्दालाई आफ्नो दलको कार्य सूचीमा उच्च प्राथमिकता दिने काम नेकपा माओवादीले गरेको थियो । माओवादीकै कारण 'गोरखापत्र'को 'नयाँ-नेपाल' पृष्ठमा दिनहुँ मातृभाषाहरूमा समाचार, विचार र रचना पढ्न पाइन्छ । निरंकुश राजतन्त्रविरुद्ध पाँच दल सम्मिलित आन्दोलन (२०५९) को १८ सूचीय बुँदामध्ये एउटा थियो, भाषिक विभेद अन्त्य गर्ने। जनआन्दोलन-२ को सफलतापश्चात् पनि यसमाथि अलमल भएन। नेपालका प्रायः सबैजसो संविधानहरूमा नेपालीलाई सरकारी कामकाजको भाषाका रूपमा मान्यता दिइएको छ, मातृभाषाहरूलाई राष्ट्रिय भाषा पनि भनिएको छ तर विभिन्न बहानामा यसलाई निरुत्साहित गर्ने काम मात्रै भएको छ।

नयाँ संविधान २०७२ को धारा ६ र ७ मा नेपाली भाषाको पक्षमा एक भाषा नीतिलाई केन्द्रमा राखी देशका अन्य भाषालाई उपेक्षा गरिएको छ। धारा ६ मा नेपालमा बोलिने सबै भाषालाई राष्ट्रभाषा मानिएको छ। जनगणना २०६८ अनुसार अंग्रेजी, चिनियाँ, फ्रेन्च, रसियन आदि भाषालाई पनि नेपालीद्वारा बोलिने मैथिली, नेवारी, भोजपुरी, हिन्दी, अवधि, थारुकै पंक्तिमा उभ्याइएको छ।

संविधानको धारा ७ (२) मा नेपालीको अतिरिक्त प्रदेशले आफ्नो प्रदेशभित्र, बहुसंख्यक जनताले बोल्ने एक वा एकभन्दा बढी अन्य राष्ट्र भाषालाई प्रदेशको सरकारी कामकाजको भाषा निर्धारण गर्ने व्यवस्था उल्लेख छ तर यो कार्यान्वयनमा आउन सकेन । सरकारी कामकाजको भाषासम्बन्धी निर्णय राजनीतिक स्वभावको भएकाले यसको सम्पूर्ण अधिकार सम्बन्धित व्यवस्थापिकामा निहित हुनुपर्छ।

हिन्दी भाषा नेपालीका निम्ति विदेशी भाषा होइन । हिन्दी भाषा कुनै पनि नेपालीलाई सिक्नुपर्दैन । भारतका विभिन्न सहरहरूमा लाखौँको संख्यामा नेपाली कार्यरत छन् । यसबाहेक खाडीका राष्ट्र तथा मलेसियामा पनि हिन्दी भाषा केही हदसम्म हाम्रा लागि सहयोगी साबित हुन सक्ने भएकाले हामीले हिन्दी भाषालाई सम्पर्क भाषाका रूपमा मान्यता दिँदा यसमा अनर्थ केही पनि हुने होइन। संख्याका आधारमा कुरा गर्ने हो भने मैथिली, भोजपुरी र अवधि भाषा बोल्नेहरूको संख्या पनि नेपालमा भन्दा बढी भारतमै छ। तुलसी दासदेखि लिएर विद्यापति तथा भिखारी ठाकुरहरू पनि भारतकै भूमिमा जन्मेका थिए। भाषा, साहित्य, कला, ज्ञान र विज्ञानलाई कुनै एक देशको भौगोलिक सीमाभित्र सीमित राख्न सकिँदैन।

अंग्रेजी, अरबी, फारसी, फ्रेन्च, रसियन, स्पेनिस आदि भाषा कुनै एक देशमै सीमित रहेको छैन।

# निर्यात बढाउन व्यवसायीलाई प्रधानमन्त्रीको आग्रह




काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले ठुलो मात्रामा उत्पादन गरेर छिमेकी भारत र चीनलगायत अन्तर्राष्ट्रिय बजारमा निर्यात बढाउने अवस्था सृजना गर्न उद्योगी-व्यवसायीलाई आग्रह गर्नुभएको छ।

नेपाल चेम्बर अफ कमर्शद्वारा भृकुटीमण्डपमा आयोजित आठौँ अन्तर्राष्ट्रिय चेम्बर एक्स्पोको उद्घाटन समारोहलाई विहिबार सम्बोधन गर्दै उहाँले निर्यात बढाउन ठुलो मात्रामा उत्पादन गर्न र कुन चिज कहाँ बिक्री हुन्छ भन्ने थाहा पाएर त्यसअनुसारको व्यापारवृद्धि गर्न सक्नुपर्नेमा जोड दिनुभयो।

पूर्वाधार विकासको क्रम जारी रहेकाले नेपाल अझ तीव्रताका साथ अगाडि बढ्ने बताउँदै प्रधानमन्त्री ओलीले बहुतै असहज राजनीतिक अस्थिरताजस्ता कुराले अर्थतन्त्रलाई प्रतिकूल असर परेका बेला त्यसलाई लयमा फर्काउन नयाँ सरकार बनेकाले सन् २०२६ मा नेपाललाई मध्यमस्तरको आय भएको मुलुकमा स्तरोन्नती गर्ने तयारीमा भएको जनाउनुभयो।

पूर्वाधार विकासका क्रममा सरकारले त्रिभुवन अन्तर र्राष्ट्रिय विमानस्थललाई बुटिक विमानस्थल बनाउँदै अन्य विमानस्थल विस्तारका साथै नदीको बाटोबाट समुद्रसम्म पहुँच विस्तार गराउने काम भइरहेकाले यी सबै उद्योग-व्यवसायको विकास तथा मुलुकलाई सम्पन्न बनाउनका लागि थालिएको स्पष्ट गर्नुभयो।

> पूर्वाधार विकासको क्रम जारी रहेकाले नेपाल अझ तीव्रताका साथ अगाडि बढ्ने बताउँदै प्रधानमन्त्री ओलीले बहुतै असहज राजनीतिक अस्थिरताजस्ता कुराले अर्थतन्त्रलाई प्रतिकूल असर परेका बेला त्यसलाई लयमा फर्काउन नयाँ सरकार बनेकाले सन् २०२६ मा नेपाललाई मध्यमस्तरको आय भएको मुलुकमा स्तरोन्नती गर्ने तयारीमा भएको जनाउनुभयो ।

“अहिले हामीले व्यापारको जुन आँकडा तयार गरिरहेका छौँ । त्यो वास्तविक छैन। खपतका लागि किनेको वा आयात गरेको कार्यलाई मात्रै व्यपार मान्न सकिँदैन ।”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “हामी विज्ञान र प्रविधिको प्रयोग गरेर विभिन्न सामाजिक क्रियाकलाप र उत्पादन बढाउन लाग्नुपर्नेछ । अहिलेको सरकार अर्थतन्त्रको विकासका लागि अत्यन्तै गम्भीरताका लागि लागिरहेको छ।”

नेपाललाई न्यून आय भएको मुलुकबाट स्तरोन्नति गराउन सबै जुट्नुपर्ने आग्रह गर्दै प्रधानमन्त्री ओलीले आफू सप्रिउँ र देशलाई पनि सपारौँ भन्ने लक्ष्यका साथ चेम्बर एस्क्पो भएकामा खुसी व्यक्त गर्नुभयो।

कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले सरकारले कृत्रिम बौद्धिकताबारे नीतिगत स्पष्टता गरी कानुनी प्रबन्ध गर्ने र सूचना प्रविधि क्षेत्रको व्यवसायिक विकासका लागि सरकारले ल्याएका अध्यादेश उपयोगी हुने बताउनुभयो।

नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवालले सरकारले हालै ल्याएका विभिन्न अध्यादेशले उद्योग-व्यवसाय क्षेत्रमा सकारात्मक आशा प्रवाह भएको बताउनुभयो।रासस

# संविधान संशोधनका विषयमा दलहरु आफैँ अलमलमा छन्: सांसद बोहरा

काठमाडौँ, १७ माघः अहिले संविधान संशोधनको विषय राष्ट्रिय राजनीतिमा निकै चर्चामा छ। संविधान संशोधन गर्ने हो भने शासकीय स्वरुप, निर्वाचन प्रणाली, सङ्घीय संरचनाजस्ता केही महत्वपूर्ण विषयलाई छलफल र बहसमा लै जानुपर्छ । उदाहरणका लागि, प्रदेश, पालिका, वडाको सङ्ख्या घटाउन सकिन्छ। कार्यकारीसहित सङ्घ र प्रदेशमा सानो मन्त्रिमण्डल बनाउन सकिन्छ। सङ्घीयता आफैँमा बेठीक होइन, यसलाई चुस्त, प्रभावकारी र आर्थिक रुपमा धान्न सकिने बनाउन जरुरी भइसकेको छ।



अहिले उठेको संविधान संशोधनको मुद्दा सत्ताको खेलसँग जोडिएको भऱ्याङजस्तो लागिरहेको छ । यो विषय राजनीतिक दलले पर्गेल्न सक्नेजस्तो देखिँदन । वर्तमान सरकार गठन हुँदा नेकपा एमाले र नेपाली कांग्रेसले संविधान संशोधनको कार्यसूची अगाडि सारे पनि यस विषयमा दुवै दलका नेताहरु नै अलमलमा रहेको देखिन्छ। कुन विषयमा संविधान संशोधन गर्ने भन्ने यकिन भएको छैन । संविधान संशोधनजस्तो विषयमा देशभित्र राष्ट्रिय सहमति पनि आवश्यक पर्छ।

लोकतन्त्र स्थापनाका लागि लामो सङ्घर्ष गरेका राजनीतिक दल र त्यसका नेतृत्वले विकास, समृद्धि, सुशासन, भ्रष्टाचार नियन्त्रण समेतका अनेकन जल्दाबल्दा विषयमा जनतालाई आश्वस्त बनाउन सकिरहेका छैनन् । मुलुकमा सुशासन कायम गर्न नसक्दा नागरिकमा असन्तुष्टि चुलिएको छ । भ्रष्टाचार मौलाउने, बेथिति बढेका कारण नागरिकमा वितृष्णा उत्पन्न भएको छ। विगतमा राजनीतिक अस्थिरताकै कारण संसद्मा पेस भएका विधेयकलाई सक्रियताका साथ अघि बढाउन सकिएको छैन।

कानुन निर्माणमा संसद्ले कछुवाको गतिमा काम गरेको प्रष्टै छ। निर्माण भएका कानुनको कार्यान्वयनको पाटो पनि कमजोर छ। सरकारले कानुन कार्यान्वयन प्रभावकारी रुपमा गर्न सकिरहेको छैन । यसबीच, भूमिसम्बन्धी कानुन संसद्बाट सहजै पारित नहुने देखिएपछि सरकारले अध्यादेशको सहारा लिएको भन्ने लाग्छ। राज्यलाई दूरगामी प्रभाव पार्ने यस्ता विषयमा सरकारले पनि विशेष ध्यान पुर्याउनुपर्छ। जनताको सर्वोच्च संस्था संसद्बाट पर्याप्त छलफल गराएर कानुन निर्माण गर्नुपर्नेमा सरकार अध्यादेशमार्फत राज्य सञ्चालनमा लाग्नु दुःखद् हो । यस्तो क्रियाकलापले स्वयं संसद्लाई कमजोर तुल्याउँछ । संसद् कमजोर हुनु भनेको समग्र लोकतन्त्रमाथि नै प्रश्न उठ्नु हो । सरकार र राजनीतिक दलहरुले सिङ्गो राष्ट्रको स्वार्थलाई केन्द्रमा राखेर अघि बढ्नुपर्ने हो । तर त्यो देखिएको छैन । अझ, सरकार र दलका निर्णय प्रक्रियामा बिचौलिया हाबी हुन थालेको चर्चा छ। सरकार गठनमा होस् वा कानुन निर्माणमा त्यस्ता गतिविधि खुलेआम देखिन्छ।

मुलुकमा रोजगारीको सिर्जना नहुँदा युवाको विदेश पलायन तीव्र गतिमा भइरहेको छ। अहिले देशभित्र रोजगारीका अवसर खुम्चिएका छन्। युवालाई देशभित्रै स्वरोजगारमा अग्रसर तुल्याउन र स्वावलम्बी बनाउन राज्यले विशेष ध्यान दिनुको विकल्प छैन । यदि अहिलेकै प्रवृत्ति कायम रहे देशभित्र श्रमशील र ऊर्जाशील युवा भेट्टाउन मुस्किल पर्नेछ। तर यो सङ्गीन विषयमा बेखबरझैँ देखिएका सरकारहरु एकले अर्को दल र सरकारलाई दोषारोपण गर्नमै व्यस्त छन्। कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने, रोजगारी सिर्जना गर्ने, औद्योगिकीकरण गर्ने लगायतमा राज्यको लगानी बढाउनेतर्फ खासै प्रगति देखिन्न। यी सबै विषयवस्तु भाषणमा मात्रै सीमित रहेको देखिनु विडम्बना हो । भन्नैपर्छ, देश र जनताप्रति इमानदार र प्रतिबद्ध कोही देखिएनन्। कृषि उत्पादनमा ह्रास आएपछि अत्यावश्यक खाद्य सामग्री समेत विदेशबाट आयात गर्नुपर्ने बाध्यता छ । आयात निर्यातको सन्तुलन खल्बलिएको छ। व्यापार घाटा बढेको छ।

> राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी र सरकारले निर्मम समीक्षा गरी ठूलो प्रतिबद्धताका साथ देश बनाउनेतर्फ लाग्नुपर्छ ।

मुलुकको अहिलेको अवस्था तत्कालै रुपान्तरण होला र समृद्धि हासिल भइहाल्ला भन्ने होइन र यो सम्भव पनि छैन। तर केही हुँदैछ भन्ने आशाको सञ्चार गराउन कम्तीमा राज्यले सक्नुपर्ने हो । हामीसँग युवालाई देशमै रोक्ने कार्यक्रम खोइ ? युवालाई स्वदेशमै रोक्न रोजगारी प्रवर्द्धन गर्ने र प्रोत्साहन गर्ने नीति बनाउन हामीले सकेनौँ। राजनीतिक क्षेत्रमा मात्र हैन, कर्मचारीतन्त्र र समग्र समाजमै पनि भ्रष्टाचार मौलाएको छ । उत्पादन गर्ने किसान र उपभोग गर्ने नागरिक दुवै ठगिएका छन् । यस्ता गतिविधिले खुलेआम प्रश्रय पाएको र दण्डहीनता बढेका कारण समाजका हरेक मान्छेमा इमानदारीको खडेरीजस्तो देखिएको छ । राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी र सरकारले निर्मम समीक्षा गरी ठूलो प्रतिबद्धताका साथ देश बनाउनेतर्फ लाग्नुपर्छ।

हुनत, सङ्घीय सांसदको मुख्य कार्य देशलाई आवश्यक पर्ने कानुनहरु बनाउने हो । त्यसमा आफ्नो बुद्धिले भ्याएसम्म लागिपरिरहेकै छु । तर, कतिपय अवस्थामा कानुन निर्माणमा समेत दलीय ह्विप मान्नुपर्ने बाध्यता हुन्छ। हामीले धेरै कानुन बनाउन समितिमा बारम्बार छलफल र पैरवी गरिरहेका छौँ । समितिलाई सबल र सक्षम बनाउन सांसदहरुको प्रभावकारी भूमिका हुनुपर्छ भनेर लागेका छौँ। सरकारलाई पनि त्यही किसिमको सुझाव दिएका हौँ । खासगरी मुलुकको राजनीतिक स्थायित्व, दिगो शान्ति, विकास र आर्थिक समृद्धिको यात्रामा सबै जिम्मेवार हुनुपर्छ । जनताको सर्वोच्च थलोमा प्रतिनिधित्व गर्ने सबै जनप्रतिनिधिका एकै किसिमको भूमिका हुन्छन् र त्यसमा मैले पनि आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गरिरहेकै छु।

सल्यानको प्राथमिकता सडक

सल्यान जिल्लाको प्राथमिकता सडक सञ्जाल नै हो। राप्ती राजमार्गलगायतका सडकको निर्माण लामो समयदेखि अलपत्र छ । आवश्यक बजेट विनियोजन हुन सकेको छैन । जिल्लाको यस मुख्य सडकको निर्माण पूरा गरेर आमनागरिकको जीवनलाई सहज तुल्याउनुपर्ने अपरिहार्य छ। कृषि उत्पादन बढाउने, उद्योग खोल्ने र रोजगारी प्रवर्द्धन गर्ने कार्यमा सरकारलाई निरन्तर घच्घच्याइरहन्छु।

**सांसद उदयबहादुर बोहराको परिचय**

विसं २०२४ मा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनबाट राजनीतिक यात्रा सुरु गरी विसं २०४५ देखि दलीय राजनीतिमा सक्रिय रहनुभएका राष्ट्रियसभा सदस्य उदयबहादुर बोहरा हाल नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का केन्द्रीय सदस्य हुनुहुन्छ । उहाँ २०५६ मा सल्यान जिल्ला विकास समिति सभापति र २०६४ मा संविधानसभा सदस्यका उम्मेदवार हुनुहुन्थ्यो । श्री बोहरा हाल राष्ट्रियसभाअन्तर्गतको सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति सदस्य हुनुहुन्छ।रासस

# सूचना प्रविधिमार्फत मुलुकको अर्थतन्त्र वृद्धि गरिने

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सूचना प्रविधिमार्फत मुलुकको अर्थतन्त्र वृद्धि गरिने बताउनुभएको छ।

नेपाल चेम्बर अफ कमर्सले विहिबार भृकुटिमण्डपमा आयोजना गरेको ‘८औँ नेपाल चेम्बर एक्स्पो २०२५’ लाई सम्बोधन गदै सञ्चारमन्त्री गुरुङले आइटी क्षेत्र बलियो बनाउन पूर्वाधार निर्माण र नीतिगत काम मन्त्रालयले गरिरहेको जानकारी दिनुभयो । नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले विगतमा नेपालको अर्थतन्त्र कमजोर रहेकामा वर्तमान सरकारको प्रयासले सुधार भएको बताउनुभयो।

उहाँले भन्नुभयो, “हामी नीतिगत र पूर्वाधार निर्माण दुवैमा सक्रिय भई काम गरिरहेका छौँ।

” उहाँका अनुसार यसै वर्षभित्र नेशनल पार्क, आइटी पार्कलगायतका आइटी क्षेत्रको पूर्वाधार निर्माण गरिनेछ।

सरकारले ल्याएको अध्ययादेशले व्यवसायीमा उत्साह थपेको र अर्थतन्त्रमा यसले सकारात्मक प्रभाव पार्ने उहाँको भनाइ छ।

उहाँले मन्त्रालयमा एआई नीति मस्यौदा छलफलका क्रममा रहेको जानकारी दिनुभयो।

मन्त्री गुरुङले डिजिटल नेपाल अभियानलाई जोड दिइ अर्थतन्त्रमा पाँच प्रतिशत योगदान पु-याउने सरकारको दीर्घकालीन लक्ष्य रहेको उल्लेख गर्नुभयो । उहाँले नेपालमा आइटी क्षेत्रबाटै रोजगार सुनिश्चित गर्न सकिने आधार सिर्जना गर्न मन्त्रालय सक्रिय रहेको बताउनुभयो।रासस


मधेश प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास निर्देशनालय

उष्ण प्रदेशिय बागवानी नर्सरी विकास केन्द्र

जनकपुरधाम, धनुषा

**शिलबन्दी दरभाउ पत्र आह्वान सम्बन्धी सूचना**

प्रकाशन मितिः २०८१/१०/१८

यस कार्यालयको तपसिलमा उल्लेखित निर्माण कार्यका लागि शिलबन्दी दरभाउ पत्र आह्वान गरिएकोले मिति २०८१/११/०४ गते दिउँसो १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाइटः www.bolpatra.gov.np/egp बाट Online Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S.N. | Contract No. | Description of Work | Estimated Cost (Exclusive of VAT and Contingencies) | Bid Security | Cost of the Bidding Document |
|---|---|---|---|---|---|
| 1 | THNC/NCB/SQ01/081-82/Works | Construction of Training and Meeting Hall | 1532466.08 | 53500.00 | 1000 |
| 2 | THNC/NCB/SQ02/081-82/Works | Construction of Compound wall | 1021175.75 | 35500.00 | 1000 |

प्रमुख



मधेश प्रदेश सरकार

श्रम तथा यातायात मन्त्रालय

यातायात व्यवस्था कार्यालय

जनकपुरधाम, धनुषा

**क्याटलग सपिङ्ग विधिबाट सवारी साधन खरिद सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१/१०/१८)

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा १ खण्ड (क) को देहाय ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) बमोजिम सवारी साधन उत्पादन गर्ने सम्पनी वा त्यसको आधिकारीक बिक्रेता बीच मात्र प्रतिस्पर्धा गराई क्याटलग विधिबाट इलेक्ट्रिक सवारी साधन खरिद गर्नु पर्ने भएकोले ईजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारीक विक्रेताहरुले आफ्नो फर्म दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाणपत्र र आ.व. २०८०/०८१ को कर चुक्ताको प्रतिलिपि समावेश गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधनको उत्पादक वा आधिकारीक विक्रेताले स्पेशिफिकेसन, गुणस्तर, मूल्य र सुविधा सहितको वितरण क्याटलग वा ब्रोसर संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) दिन भित्र यस कार्यालयमा कार्यालय समय भित्र निवेदन दर्ता हुन सम्वन्धित उत्पादक वा आधिकारीक विक्रेतालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। निवेदन दर्ता अन्तिम दिन सार्वजनिक विदा परेमा त्यस दिन पछिको कार्यालय खुल्ने दिन दर्ता हुने छ। थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ।

| S.N. | Description of Vehicles | Quantity |
|---|---|---|
| 1. | Electric Car/SUV, Right hand drive with synchronous motor Having capacity at least 70KW max$^{m}$ developing **Power** output at least 95 PS and max$^{m}$ **Torque** at least 160 Nm at rated rpm. **Battery** capacity at least o48 KWh having operating range 340 KM in one full charging **(WLTP)** certified. 80% of full charge should be done in not more than 60 minutes. max$^{m}$ charging time at charging station for full charge 7 to 8 hrs, at charging station ground clearance not less than 160 mm. Suspension strut torision or both automatic transmission system with front disc brake and rear disc or drum break. Top speed not less than 150 kmph. automatic air conditioning equipped with digital display LED lights. ABS, EBD with all necessary indicators and gauges. The tyre size minimum 16 inch radial tubeless tyre with alloy wheels. A new brand MFD not less than 2024. Seating capacity 5 persons including driver with 5 doors having bot space not less than 300 Ltres. Minimum 1 Year warranty after acceptance on vehicle as well as minimum 5 years or 150000 Km in warranty on battery. | 1 (One) |

**नोटः** १. संक्षिप्त विवरणमा उल्लेख नभएका अन्य कुराहरु स्वीकृत Specification बमोजिम हुनेछ।
२. पेश हुन आएका प्रस्तावहरु मिति २०८१/१०/२५ दिउँसो १२ बजे खोलिनेछ।

# इन्डोनेसियामा ७६ रोहिङ्ग्या शरणार्थीलाई स्थानान्तरणका लागि स्वीकृति

एएफपी

बान्डा आचेह । इन्डोनेसियाको पश्चिमी क्षेत्रमा रहेको एक पर्यटकीय तटमा डुङ्गाबाट आएका दर्जनौं रोहिङ्ग्या शरणार्थीलाई स्थानीयले अवतरण गर्न अनुमति दिएपछि अस्थायी आश्रयस्थलमा सारिएको एक अधिकारीले बिहीबार बताएका छन् ।

म्यान्माको अल्पसङ्ख्यक मुस्लिम रोहिङ्ग्या समुदायमाथि अत्यधिक उत्पीडन भइरहेका कारण त्यहाँबाट शान्ति र रोजगारीको खोजीमा हरेक वर्ष हजारौँले बङ्गलादेश, मलेसिया, इन्डोनेसिया पुग्न लामो र खतरनाक समुद्री यात्रामा आफ्नो ज्यान जोखिममा पार्ने गरेका छन् ।

चार बालबालिकासहित ७६ शरणार्थीको पछिल्लो समूहलाई बुधबार राति आचेह प्रान्तको पूर्वी आचेह शहरको एक फुटबल मैदानमा पाल संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त र अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनका प्रतिनिधिहरूले स्थानीय बासिन्दा र अधिकारीहरूसँग वार्ता गर्न त्यस क्षेत्रको भ्रमण गरेका थिए।

इस्कन्दरका अनुसार अस्थायी आश्रयस्थलको क्षमता सीमित भए पनि यो अझै पनि अस्थायी आश्रयस्थलका रूपमा पर्याप्त छ ।थकित देखिएका तर गम्भीर अवस्थामा नरहेका ती शरणार्थीले म्यान्माबाट समुन्द्री मार्गबाट केही दिन यात्रा गरेको बताएका छन् ।

इन्डोनेसियामा रोहिङ्ग्याहरूको आगमन आँधीबेहरी आउने र जाडो महिनाहरूमा सुस्त हुन्छ र समुद्रको अवस्था शान्त हुँदा बढ्छ ।

यसै महिनाको सुरुमा २६० भन्दा बढी रोहिङ्ग्या शरणार्थी आचेहको समुद्री तटमा पुगेका थिए ।

इन्डोनेसियाले संयुक्त




टाँगी अस्थायीरूपमा बस्नदिने प्रशासनले स्वीकृति दिएको हो ।

स्थानीय प्रशासनका अधिकारी इस्कन्दरका अनुसार अधिकारीहरूले सुरुमा शरणार्थीहरूलाई भाग्नबाट रोक्न र केही स्थानीय बासिन्दाहरूले शहरमा उनीहरूको उपस्थितिको विरोध गरेका कारण उनीहरूलाई डुङ्गाबाट ओर्लिन वा सामुद्रिक किनारबाट बाहिर जानबाट रोकेका थिए।

इस्कन्दरले एएफपीसँग भन्नुभयो, "धेरै घण्टा पछि एक सहमति मा पुगिएको छ । शरणार्थीहरूलाई अब ओर्लिन शिविरभित्र बस्न अनुमति दिइनेछ ।" शरणार्थीका लागि राष्ट्रसङ्घको शरणार्थी महासन्धिमा हस्ताक्षर गरेको छैन र म्यान्मारबाट शरणार्थी ल्याउन बाध्य पार्न नसकिने बताउँदै छिमेकी देशहरूलाई बोझ बाँड्न र आफ्नो किनारामा आइपुगेका रोहिङ्ग्याहरूलाई पुनर्स्थापना गर्न आह्वान गरेको छ।

धेरै आचेनीहरू आफ्ना सँगी मुसलमानहरूको दुर्दशाप्रति सहानुभूति राख्छन् तर कतिपयले उनीहरूको उपस्थितिलाई अस्वीकार गर्दै रोहिङ्ग्याहरूले दुर्लभ स्रोतहरू उपभोग गर्ने र कहिलेकाहीं स्थानीयहरूसँग द्वन्द्वमा आउने सम्भावनालाई देखाउँदै उनीहरूलाई स्वीकार्न नहुने बताउँछन् ।

# धरान चिनाउने बुढासुब्बा अन्तर्राष्ट्रिय गोल्डकप

धरान । यतिबेला धरानमा बुढासुब्बा गोल्डकपको चर्चा निक्कै भइरहेको छ । धरानलाई चिनाउने थुप्रै मिथक छन् तर खेलकुदको शहर भनेर चिनाउने एउटै मात्र प्रतियोगिता भनेको बुढासुब्बा गोल्डकप हो ।

कोशी पहाडको प्रवेशद्वार धरानलाई थुप्रै मिथक र विषयले चिनिन्छ, सौखिन, फेसनेवल र लाहुरेको शहर भनेर चिनिएको धरानलाई पछिल्लो समय खेलकुदप्रेमीको शहर भनेर चिन्न थालिएको छ । खेलकुदको शहर भनेर चिनाउने कार्यमा बुढासुब्बा अन्तर्राष्ट्रिय आमन्त्रण गोल्डकपको भूमिका महत्वपूर्ण रहेको छ ।

बुढासुब्बा गोल्डकप मेरो सपनाजस्तै हो पूर्वराष्ट्रिय खेलाडी साथै धरान फुटबल क्लबका मानार्थ उपाध्यक्ष तथा कोशी प्रदेश फुटबल सङ्घका अध्यक्ष किशोर राईले भन्नुभयो, "शुरुआती समयमा खेलाडी हुँदा धरानमा एउटा गोल्डकप बनाउछु भनेर सपना बोकेर हिडे त्यो सपना आज पूरा भएको छ ।"

उहाँले भन्नुभयो, "धरान बुढासुब्बा गोल्डकप आज एउटा प्रतिष्ठाको रूपमा उभिएको छ । २०५५ सालमा सालमा धरान फुटबल क्लबको स्थापना गरी २०५५ सालदेखि बुढासुब्बा गोल्डकपको आयोजना गरी निरन्तर सञ्चालन हुँदै आएको एक मात्र प्रतियोगिताले धरानलाई खेलकुलको शहर भनेर परिचित गराउन मुख्य भूमिका भने बुढासुब्बा गोल्डकपले खेलेको छ ।

राईले धरानमा धरान फुटबल क्लबको स्थापना गरी अन्तर्राष्ट्रियस्तरको फुटबल बुढासुब्बा गोल्डकप प्रतियोगिता सुरु गर्न महत्वपूर्ण भूमिका खेल्नुभएको अनुभव सुनाउनुहुन्छ । सानै उमेरबाट फुटबल खेलप्रति रुचि राख्दै राष्ट्रिय खेलाडीको रूपमा आफ्नो 'करियर' सुरु गरेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "यहाँसम्म पुग्दा सहज भने पक्कै थिएन सबैको साथ सहयोग र हौसलाले गर्दा धरान फुटबल क्लबले पहिलोपटक बुढासुब्बा गोल्डकपको आयोजना गरेको हो । उहाँको अनुभवले धरानमा फुटबलको विकासमा महत्वपुर्ण भुमिका र योगदान पुऱ्याएको छ । अध्यक्ष राईकै पहलमा २०५९ सालमा धरान उपमहानगरपालिका-१७ मा पूर्वाञ्चल एन्फा एकेडेमी टेक्निकल सेन्टरको स्थापना भएको हो । जुन एकेडेमीले अहिले सयौँ खेलाडी उत्पादन गरिरहेको छ ।

उहाँले भन्नुभयो, "बुढासुब्बा गोल्डकप सुरू भएसँगै धरानमा फुटबल र खेलप्रतिको क्रेज बढ्दै गयो । अन्य खेलको पनि महत्व छ तर बुढासुब्बा गोल्डकप नेपालकै पुरानो र सम्मानीत फुटबल क्लबमध्ये एक मानिन्छ । बुढासुब्बा गोल्डकपले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा धरानलाई चिनाएको छ ।" बुढासुब्बा गोल्डकपले धरानलाई मात्र चिनाएन, धरानका खेलाडीसमेतलाई चिनायो । नेपालका 'ए' डिभिजन क्लबमा धरानका खेलाडीले प्राथमिकता पाए अहिले सयौँ खेलाडीले फुटबल 'करिअर' बनाएको राईको अनुभव छ ।




धरान प्रकृति सौन्दर्य र संस्कृतिको विविधता भएको ठाउँको रूपमा परिचित छ । यसमा थप पहिचान दिलाउने काम भने बुढासुब्बा गोल्डकपले गरेको छ । धरान उपमहानगरपालिका-१५ का सागर घिमिरे सानै उमेरदेखि खेलाडी बन्ने सपना बोकेर चार वर्षको उमेरदेखि फुटबल खेल खेल्न सुरु गरेको सुनाउनुहुन्छ । फुटबल खेलमै आफ्नो भविष्य देख्नुभएको घिमिरे अहिले बुढासुब्बा गोल्डकपको कोचसमेत बनिसक्नु भएको छ । सानै उमेरदेखि खेलमा रुचि राख्ने उहाँ फुटबल खेल्न सिक्नका लागि हरेक खेलकुद मैदान पुग्ने गरेको अनुभव सुनाउनुहुन्छ ।

पछिल्लो समय युवा पुस्ताका लागि फुटबल खेल मनोरञ्जनका लागि मात्र नभएर करियर स्वास्थ्य प्रेरणा र सामाजिक सम्पर्कको लागि महत्वपूर्ण माध्यमको रूपमा विस्थापित भएको छ । उहाँले भन्नुभयो, "घर परिवारमा कोही पनि खेलप्रति रुचि नराख्ने परिवारमा म मात्र हो खेलप्रति रुचि भएको, सानो उमेरमा साथीभाइले खेलेको फुटबल देख्दा आकर्षित भए यसरी नै खेलप्रतिको मेरो 'क्रेज' बढ्दै गयो ।

पूर्वखेलाडी घिमिरेले बुढासुब्बा गोल्डमै २३ पटक कोचको भूमिका निर्वाह गरिसक्नु भएको बताउनुभयो । "यसको सबै श्रेय भने बुढासुब्बा गोल्डकपलाई जान्छ", उहाँले भन्नुभयो, "जुन समय मलाई लाहुर बन्ने सपना नभएको चाहिँ हैन, तर धरान फुटबल क्लबबाट फुटबल खेल्न शुरु गरे त्यसपछि लाहुर बन्ने सपना छोडेर खेलाडी भन्ने सोचले अगाडि बढ्न थाले अहिले ताइवान, भुटान, चीनलगायतका देशमा भाग लिई फुटबल लिगहरू खेलिसकेको छु ।"

यस खेलले सफल खेलाडीलाई राम्रो आर्थिक लाभ प्रसिद्ध र अवसर पनि रहेकाले फुटबल खेललाई पेशाको रूपमा अपनाउन सकिने भएको कारण पनि पछिल्लो पुस्ताका युवाहरू खेलमा बढी आकर्षित हुँदै गएको उहाँको भनाइ छ । फुटबल खेलले विशेषगरेर शारीरिक रूपमा स्वास्थ्य रहनका साथै यस खेलले सहनशीलता, शक्ति गतिशीलता र मानसिक रूपमा पनि तन्दुरुस्त बनाउन ठूलो भूमिका खेलिरहेको उहाँले बताउनुभयो ।

बुढासुब्बा गोल्डकप प्रतियोगिताले ऐतिहासिक र सांस्कृतिक महत्व बोकेको छ । धरान फुटबल क्लबका अध्यक्ष प्रताप तामाङले भन्नुभयो, "यो खेलको नाम बुढासुब्बा मन्दिरसँग जोडिएको छ । जुन धरानको ऐतिहासिक धार्मिक स्थल हो, धरानलाई खेलकुदको सहरका रूपमा मात्र बुढासुब्बा गोल्डकपले चिनाएन पर्यटनको केन्द्रका रूपमा पनि स्थापित गर्न ठूलो योगदान पुऱ्याएको छ ।"

उहाँले भन्नुभयो, "नेपालका प्रतिष्ठित क्लबसँगै अन्तर्राष्ट्रिय टिमको सहभागिता हुन्छ यो खेल क्षेत्रको विकास, खेलाडीहरूको क्षमता अभिवृद्धि साथै स्थानीय युवा पुस्तालाई प्रेरित गर्न महत्वपूर्ण भुमिका खेलेको छ ।" प्रत्येक वर्ष आयोजना हुने बुढासुब्बा गोल्डकप खेलकुदको प्रवर्द्धन गर्न मात्र नभएर धरानको आर्थिक, सामाजिक, र सांस्कृतिक पक्षसमेतलाई उजागर गर्न महत्वपूर्ण योगदान पुऱ्याएको अध्यक्ष तामाङले बताउनुभयो ।

बुढासुब्बा गोल्डकपले खेलकुदको विकाससँगै युवा खेलाडीलाई दिने 'प्लेटफर्म' र राष्ट्रिय फुटबलको स्तर सुधारमा ठूलो योगदान पुर्याउँदै आइरहेको छ। अध्यक्ष तामाङले भन्नुभयो, "बुढासुब्बा गोल्डकप खेलले खेलाडीलाई अन्तराष्ट्रियस्तरमा चिनाउनका साथै फुटबल खेललाई लोकप्रिय बनाउनमा ठुलो टेवा पुगेको छ ।" फुटबललाई मात्रै खेल र मनोरञ्जनको एक साधन हो भन्ने सोच हाबी छ । यसले प्रचुर सम्भावना भएर पनि यहाँ खेल पर्यटनको अवधारणा फस्टाउन सकेको छैन । जुन स्थानीय सरोकारवालाले खासै ध्यान दिएको पाइँदैन ।

उहाँले भन्नुभयो, "प्रत्येक वर्ष बुढासुब्बा गोल्डकप सञ्चालन हुन्छ, वर्षका रु एक करोडको लगानीमा खेल सञ्चालन हुने गरेको छ, जसमा स्थानीय सरकारबाट १० प्रतिशत सहयोग हुने गरेको छ भने बाँकी हङ्कङ, बेलायत, सिङ्गापुरलगायत देश विदेशमा रहनुभएको व्यक्तिबाट हुने चन्दा र सहयोगबाट सञ्चालन हुने गरेको उहाँले बताउनुभयो ।

बुढासुब्बा गोल्डकपले खेलको विकासमा टेवा त पुग्ने नै भयो अध्यक्ष तामाङ धरानको पर्यटन प्रवर्द्धनमा यसले पनि निक्कै सहयोग पुग्ने बताउनुहुन्छ । गोल्डकप सञ्चालन हुँदा सहभागी खेलाडी टिमका र अफिसियलले धरानका होटल एक सातासम्म खचाखच हुन्छ । यतिबेला समय फुटबल हेर्न सनुसरीका विभिन्न ठाउँ साथै प्रदेशका मोरङ, धनकुटा, झापा, इलाम, पाँचथर, सङ्खुवासभालगायतका जिल्लाबाट खेलप्रेमी दर्शक खेल हेर्न आउने गरेको क्लबका अध्यक्ष तामाङको भनाइ छ ।

बुढासुब्बा गोल्डकपले नेपाली फुटबलमा नै नयाँ लहर ल्याएको बरिष्ठ पत्रकार हर्ष सुब्बाले बताउनुभयो । बुढासुब्बा गोल्डकप शुरु भएसँगै धरानमा दर्जनौं गोल्डकप खेल शुरु भएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "पहिले राम्रो खेलाडी बन्नको लागि काठमाडौँ, पोखरालगायतका ठाउँमा गएर खेलको तालिम लिनुपर्ने अवस्था थियो । पछिल्लो समय बुढासुब्बा गोल्डकप शुरु भएसँगै यसले ल्याएको लहरले काठमाडौँ मात्र नभएर बाहिरी देशका खेलाडीसमेत बुढासुब्बा गोल्डकपले चिनाउने गरेकाले बुढासुब्बा गोल्डकप धरानको मात्र नभएर नेपालकै उदाहरणीय गोल्डकपको रूपमा विस्थापित भएको उहाँले बताउनुभयो ।

बुढासुब्बा गोल्डकपको सुरु भएसँगै धरानमा गोधुली फुटबल क्लब, हाम्रो धरान, भेट्रान, भेट्रान फुटबल, सुवास राई स्मृति कप, नगरपालिका महिला कपलगायत दर्जनौं फुटबल खेल शुरु भएकाले बुढासुब्बा गोल्डकप उदाहरणीय गोल्डकप फुटबलको रूपमा लिन सकिन्छ । यसले नेपालको फुटबलमा ठूलो युगान्तकारी परिवर्तन दिएको उहाँको भनाइ छ ।

बुढासुब्बा गोल्डकपले नेपाली फुटबलको विकासमा महत्वपूर्ण योगदान पुर्याइरहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "बुढासुब्बा गोल्डकपले सयौँ राष्ट्रिय अन्तर्राष्ट्रिय खेलाडी उत्पादन गरिसकेको छ भने यस गोल्डकपले नयाँ पुस्ताका खेलाडीलाई आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर र प्लेटफर्मको बुढासुब्बा गोल्डकपले दिएको छ ।

बुढासुब्बाको गोल्डकपको २५ औँ संस्करण

बुढासुब्बा गोल्डकपको २५औँ अन्तर्राष्ट्रिय आमन्त्रण संस्करण यही माघ १९ गतेबाट शुरु हुने भएको छ । प्रतियोगिताको लागि आर्थिक समिति खेलाडी, समिति प्रचारप्रसार समिति सुरक्षा समितिलगायतका समिति बनाइएको अध्यक्ष तामाङले बताउनुभयो । साथै, खेल अवधिभर सुरक्षा व्यवस्थालाई चुस्त पारिने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "क्लबका तर्फबाट ५० जनाभन्दा बढी सुरक्षा स्वयंसेवक, निजी सुरक्षा गार्डसमेतको व्यवस्था गरिएको छ ।"

क्लबले खेलको तालिकासमेत सार्वजनिक गरिसकेको छ । १९ गते पहिलो खेल सहिद स्मारक ए डिभिजन लिग बिजेता चर्च ब्वाइज र चार पटकको बिजेता पुलिस क्लबबीच हुने अध्यक्ष तामाङले बताउनुभयो ।

धरान उपमहानगरपालिका-१६ रङ्गशालामा हुने प्रतियोगितामा १० वटा क्लबको सहभागी रहनेछ । प्रतियोगितामा एनआरटी क्लब काठमाडौँ, लिग च्याम्पियन चर्च ब्वाइज क्लब, नेपाल पुलिस क्लब, भुटान फुटबल एकाडेमी, त्रिभुवन आर्मी क्लब, इटहरी जागृती क्लब, युके एफसि भारत, मच्छिन्द्र क्लब काठमाडौँ, काँकडभिट्टा फुटबल ट्रेनिङ सेन्टर झापा र धरान फुटबल क्लब रहने आयोजकले जनाएको छ ।

प्रतियोगिताका विजेताले ट्रफीसहित रु १० लाख र उपविजेताले नगद रु पाँच लाख पुरस्कार पाउनेछन् । यसमा उत्कृष्ट खेलाडीले नगद रु एक लाख र प्रत्येक खेलको प्लेयर अप दि म्याच हुनेले रु १५ हजार सर्वाधिक गोलकर्ताले रु ३५ हजार, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफन्स, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट स्ट्राइकर, उत्कृष्ट प्रशिक्षकले जनही रु २५ हजार पुरस्कार पाउने अध्यक्ष तामाङले बताउनुभयो ।रासस

# दुबई विमानस्थलद्वारा नौ करोड २३ लाख यात्रुलाई सेवा प्रदान

एएफपी

दुबई । दुबईको अन्तर्राष्ट्रिय विमानस्थलबाट गत वर्ष नौ करोड २३ लाख यात्रुले सेवा प्राप्त गरेका छन् ।

सन् २०१८ मा आठ करोड ९१ लाख यात्रुलाई आवत जावतका लागि सेवा दिएको दुबई विमानस्थलले गाजा युद्ध र गत अप्रिलमा आएको आकस्मिक बाढीका कारण उत्पन्न क्षेत्रीय तनावका बावजुद आफ्नो सेवामा उच्च उत्कृष्टता प्रदर्शन गर्न सफल भएको हो ।

गन्तव्यलाई लक्षित गरेको बताउनुभएको छ ।

दुबई विमानस्थलका प्रमुख कार्यकारी अधिकृत पल ग्रिफिथ्सले सन् २०२७ सम्ममा दुबईले १० करोड यात्रु ओहोरदोहोर सेवा दिनेमा आफू विश्वस्त रहेको बताउनुभएको छ ।

दुबईले अब छिमेकी साउदी अरबको रियादमा निर्माण भइरहेको एक प्रमुख नयाँ विमानस्थलबाट प्रतिस्पर्धाको अपेक्षा गरेको । विमानस्थलले



एशिया, युरोप र अफ्रिकाको बीचमा अवस्थित संयुक्त अरब इमिरेट्स (युएई) शहर एक दशकसम्म विश्वको सबैभन्दा व्यस्त अन्तर्राष्ट्रिय हवाई सेवा प्रदायक विमानस्थल बन्न सफल भएको छ ।

संयुक्त अरब इमिरेट्स (युएई) का प्रधानमन्त्री शेख मोहम्मद बिन रसिद अल मकतूमले एक विज्ञप्ति जारी गदै 'विमानस्थललाई 'विश्वव्यापी सफलताको कथा' को संज्ञा दिँदै यसले ४०० अन्तर्राष्ट्रिय शहरको बाहिरी इलाकामा अल मकतूम इन्टरनेसनल विमानस्थलमा ३५ अर्ब डलरको विस्तार र स्थानान्तरणको योजना पनि बनाइरहेको छ।

व्यापार, पर्यटन र व्यापार केन्द्रले अचल सम्पत्ति कारोबार मूल्य र बढ्दो जनसङ्ख्या वृद्धिको साक्षी रहेको युइईले पेट्रोलियम पदार्थ (इन्धन) बाहेक आफ्नो अर्थव्यवस्था को विविधीकरणको प्रयासलाई जारी राखेको छ ।

# हेलिकप्टर र यात्रुबाहक विमान आपसमा ठोक्किएर दुर्घटना

एएफपी

वासिङ्टन । अमेरिकाको वासिङ्टन डिसी नजिकै अमेरिकी एयरलाइन्सको विमानअमेरिकी सेनाको 'ब्ल्याकहक' हेलिकप्टरसँग ठोक्किएर दुर्घटना भएको छ । विमानमा ६० जना यात्रु र चार जना चालक दलका सदस्यसहित ६४ जना सवार रहेका थिए ।

अहिलेसम्म १८ जनाको शव फेला परेको स्थानीय सञ्चारमाध्यमले प्रहरी अधिकारीहरूले उद्धृत गरी जानकारी गराएका छन् । बम्बार्डियर कम्पनीको सीआरजे ७०० विमान विचिटा क्यानकासबाट वासिङ्टनतर्फ जाँदै थियो । अमेरिकी सञ्चारमाध्यमका अनुसार विमान दुर्घटनापछि हावामा दुई भाग भई पोटोम्याक नदीमा खसेको प्रत्यक्षदर्शीले बताएका छन् ।

नदीमा खोजी तथा उद्धार कार्य जारी छ ।स्थानीय समयअनुसार राति ९ बजे वासिङ्टन रेगन नेसनल एयरपोर्ट नजिकै दुर्घटना भएको घटनाको अनुसन्धान सुरु गरिएको छ ।

दुर्घटनापछि ठूलो संख्यामा आकस्मिक बलका सदस्यहरू विमानस्थलमा पुगेका छन्।




घटनास्थलमा १० भन्दा बढी एम्बुलेन्स र ट्रकपनि रहेका छन् । रेगन एयरपोर्टले सामाजिक सञ्जाल एक्समा एक सूचना जारी गर्दै लेखेको छ,"तत्कालका लागि सबै उडान स्थगित गरिएको छ ।"

एक अमेरिकी सैनिक अधिकारीले अमेरिकी समाचार च्यानल सीबीएसलाई बताएअनुसार दुर्घटनामा परेको हेलिकप्टर अमेरिकी सेनाको ब्ल्याक हक हेलिकप्टर थियो । हेलिकप्टरमा अमेरिकी सेनाका तीन सैनिक सवार थिए ।हेलिकप्टरमा कुनै वरिष्ठ अधिकारी थिएनन्, तर त्यसमा सवार सैनिकको अवस्था पनि स्पष्ट छैन ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुर्घटनापछि सामाजिक सञ्जाल एक्समा एक सन्देश जारी गर्दै भन्नुभएको छ, 'रेगन नेसनल एयरपोर्टमा भएको दुर्घटनाबारे मैले पूर्ण जानकारी पाएको छु। अवस्थाको अनुगमन भइरहेको छ ।"उहाँले यस दुर्घटनामा ज्यान गुमाउनेहरुप्रति दुःख व्यक्त गर्दै अगाडि भन्नुभएको छ, "मृतकका आत्मालाई भगवानले शान्ति प्रदान गरुन् ।"

# त्रिकोणात्मक सिरिजमा नेपाल नेदरल्याण्ड्सँग पराजित



काठमाण्डु । त्रिकोणात्मक टी ट्वान्टी सिरिजको पहिलो खेलमा नेपाल नेदरल्याण्ड्ससँग पराजित भएको छ ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदान विहिबार भएको खेलमा नेपाल नेदरल्याण्डसँग २० रनले पराजित भएको हो । नेदरल्याण्ड्सले जितका लागि दिएको एक सय ५८ रनको विजयी लक्ष्य पछ्याएको नेपाल निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै एक सय ३७ रनमा समेटिएको हो ।

नेपालका लागि सीता रानामगरले सर्वाधिक २८ रनको योगदान दिइन् ।

उनले ४५ बलमा तीन चौकाको सहयोगमा २८ रन बनाएकी हुन् । त्यसैगरी कविता जोशीले १७ बलमा एक चौका र दुई छक्काको सहयोगमा २७ रन बनाइन् । पुजा महतोले १४ बलमा दुई चौका र दुई छक्काको सहयोगमा २४ रन बनाइन् ।

त्यसबाहेक अन्य नेपाली खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

सम्झना खड्काले ९ रन बनाइन् भने कविता कुवँरले ८ तथा कप्तान इन्दु बर्माले ७ रन जोडिन् । बलिङतर्फ नेदरल्याण्डसका इभा लिन्च र क्यारोलिन डे लाङले समान दुई दुई विकेट लिइन भने आइरिस विलिङ र फ्रेडरिक ओभरडाइकले समान एक एक विकेट लिइन् ।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेदरल्याण्ड्सले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर एक सय ५७ रनको योगफल बनाएको हो ।

नेदरल्याण्ड्सका लागि रोबिन रिकेले सर्वाधिक ५९ रनको योगदान दिइन् । उनले ४८ बलमा ८ चौकासहित ५९ रन बनाएकी हुन् । त्यस्तै आइरिस विलिङले १३ बलमा ३१ रन बनाइन् । स्ट्री कालिसले ३५ बलमा २९ रन जोडिन भने र हेटर सिगेसर्ले १९ बलमा २३ रन जोड्दै आउट भइन् ।

नेपालका लागि कविता कुँवर, पुजा महतो, सिता रानामगर र ईश्वरी विष्टले समान एक-एक विकेट लिए । अब नेपाली महिला टोलीले शनिबार थाइल्याण्डसँग प्रतिस्पर्धा गर्नेछ ।रासस

## पोखरा-मुग्लिन आयोजना :

# पोखरा-जामुने खण्डमा २८ किमी कालोपत्र



गण्डकी । पोखरा-मुग्लिन सडक आयोजनाको पश्चिम (पोखरा-जामुने) खण्डमा हालसम्म २८.५२ किमी सडक कालोपत्र भएको छ । आयोजनाका इन्जिनियर सौजन्य नेपालका अनुसार उक्त खण्डमा अब १०.३६ किमी सडक कालोपत्र हुन बाँकी छ। "तनहुँमा साढे दुई किमी कालोपत्र हुन बाँकी छ, कास्की खण्डमा पनि अहिले धमाधम कालोपत्र भइरहेको छ", उहाँले भन्नुभयो, "आगामी वर्षभित्र काम सक्ने लक्ष्य लिइएको छ।"

तनहुँमा २०.८ किमी र कास्कीमा १८.०८ किमी सडक कालोपत्र भइसकेको छ । चार लेन दुवैतर्फ तनहुँमा १०.०८ र कास्कीमा ४.३९किमी र तनहुँमा दुई लेन (एकतर्फी) ७.९८ किमी र कास्कीमा ६.०७किमी सडक कालोपत्र भएको इन्जिनियर नेपालले जानकारी दिनुभयो । तनहुँमा २.७४ किमी र कास्कीमा ७.६२ किमी गरी कुल १०.३६ किमि सडक कालोपत्र हुन बाँकी रहेको उहाँले बताउनुभयो ।

चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनले विसं २०७८ देखि उक्त खण्डको काम सुरु गरेको थियो ।

"आयोजनाको पछिल्लो भौतिक प्रगति ४२ प्रतिशत पुगेको छ, जनवरी महिनाको प्रगति भने थप हुन बाँकी छ", इन्जिनियर नेपालले भन्नुभयो, "पोखराको चाउथे, अन्तर र्राष्ट्रिय विमानस्थलदेखि अमर सिँहचोक, बुढीबजारलगायत ठाउँमा कालोपत्रको काम भइरहेको छ, तालचोकदेखि गगनडौँडासम्मको खण्डमा पनि निर्माणले गति लिएको छ।"

कास्की र तनहुँमा पर्ने पश्चिम खण्डको तीन वर्षे ठेक्का अवधि गत भदौमा सकिएपछि निर्माण कम्पनीले म्याद थपेर काम गरिरहेको हो। पश्चिमतर्फ तनहुँको थर्पु, तुरतुरे, कास्कीको तल्लो गगनगौँडालगायत खण्डमा कालोपत्र भइसकेको छ। तनहुँको जामुनेदेखि पोखराको सेती पुलसम्मको आधा सडक छ लेन र आधाजति चार लेनको बन्ने इन्जिनियर नेपालले जानकारी दिनुभयो।

वियजपुर खोला र सेती नदीमा पुल निर्माणको काम पनि सँगसँगै भइरहेको उहाँको भनाइ छ । "सडक विस्तारसँगै पुल, कल्भर्ट, नालीलगायत पूर्वाधार निर्माणको काम द्रुत गत गतिमा भइरहेको छ", इन्जिनियर नेपालले भन्नुभयो, "निर्माण कम्पनीले एक वर्षभित्रमा निर्माण पूरा गर्ने प्रतिबद्धता जनाएको छ ।" कोभिड-१९ महामारीलगायत कारणले सुरुको चरणमा केही ढिलाइ भएपनि पछिल्लो समय कामले गति लिएको उहाँको भनाइ छ।

३८.८८ किमी दुरीको पश्चिम खण्डमा पर्ने १२ वटामध्ये नौ वटा सडक पुल निर्माणको अन्तिम चरणमा रहेको आयोजना कार्यालयले जनाएको छ। चिनियाँ निर्माण कम्पनी यनहुई काइयुयान हाइवे एण्ड ब्रिज कन्सट्रक्सनलले रु. सात अर्ब ४० करोड ४६ लाखमा पश्चिम खण्ड निर्माणको जिम्मा लिएको हो। कुल ८१ किमि दुरीको पोखरा-मुग्लिन सडक एसियाली विकास बैङ्कको ऋण सहयोगमा विस्तार तथा स्तरोन्नतिको काम भइरहेको हो । ४१.४५ किमी को पूर्वी खण्डमा पनि विसं २०७८ वैशाखदेखि निर्माण कम्पनी चाइना कम्युनिकेसन कन्स्ट्रक्सनले काम सुरु गरेको थियो।

पूर्वी खण्डमा पर्ने तनहुँको दमौली र डुम्रे बजारमा छ लेन र बाँकी खण्डमा चार लेनको सडक बन्ने आयोजना कार्यालयले जनाएको छ । निर्माण कम्पनीले रु. छ अर्ब २१ करोड ३१ लाखमा उक्त खण्डको ठेक्का लिएको थियो । पृथ्वी राजमार्गअन्तर्गत पोखरा-मुग्लिन सडकलाई चार लेनमा स्तरोन्नति गर्न लागिएकामा पूर्वी खण्ड (जामुने-मुग्लिन)मा भने कालोपत्रको काम अन्तिम चरणमा पुगेको आयोजना कार्यालयले जनाएको छ ।रासस

# आठौँ अन्तर्राष्ट्रिय व्यापार मेलासुरु




काठमाण्डु । नेपाल चेम्बर अफ कर्मसद्वारा आयोजित 'आठौँ अन्तर्राष्ट्रिय व्यापार मेला-२०२५' विहिबारदेखि भृकुटीमण्डपमा सुरु भएको छ। पाँच दिनसम्म चल्ने एक्स्पो कम्तिमा ५० हजार दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ।

स्वदेशी र विदेशी गरी एक सय २५ भन्दा बढी स्टल एक्स्पोमा छन् । एक्स्पोमार्फत स्थानीय उत्पादनको प्रवर्द्धन एवं बजारीकरण तथा व्यापार अभिवृद्धि गर्ने उद्देश्य रहेको चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले बताउनुभयो ।

"मुलुकभित्र आयोजना हुने अन्तर्राष्ट्रियस्तरका व्यापार मेला तथा प्रदर्शनीले नविनतम् प्रविधि, उत्पादन, उपभोक्ताको चाहना एवं बजारीकरणबारे प्रत्यक्ष अवलोकन गर्न सकिने अवसर प्रदान गरेका हुन्छन," उहाँले भन्नुभयो, "मुलुकभित्र यस्ता आर्थिक क्रियाकलापको विस्तारले वाह्य व्यापारिक समुदायसँग सहकार्य भई स्वदेशी उद्यमी तथा व्यवसायीमा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुन्छ।"

उहाँका अनुसार एक्स्पोमा यस वर्ष अन्तर्राष्ट्रियस्तरको 'सफ्टवयर' र 'एआई' परियोजना आर्कषणको केन्द्रको रुपमा रहेका छन् ।

मुलुकमा अन्तर्राष्ट्रियस्तरको प्रर्दशनी कक्ष निर्माण गर्न अविलम्व पहल गरिनुपर्ने र यसका लागि सरकारसँग सहकार्य गर्न नेपाल चेम्बर अफ कमर्स सदैव तयार रहेको अध्यक्ष अग्रवालले बताउनुभयो ।

यस वर्ष पनि एक्स्पोमा कृषिजन्य वस्तु, हस्तकला, लत्ता कपडाका सामान, अटोमोबाइल, इलेक्ट्रोनिक्स, घरेलु उपकरण, कपडा, फर्निचर, गार्मेन्ट, छालाका सामान, गहनाका सामान, सौन्दर्य प्रसाधन सामग्रीलगायतको प्रदर्शनी आगन्तुकका लागि आकर्षणको केन्द्र बन्न सक्ने विश्वास गरिएको छ ।

एक्स्पोमा नेपाल, बङ्गलादेश, भारत, चीन, थाइल्याण्ड, युएई, दक्षिण कोरिया, मलेसिया, पाकिस्तानलगायतका व्यवसायीले उक्त देशमा उत्पादित वस्तुसहित सहभागिता जनाएका छन् । रासस


## क्षीरेश्वरनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### महेन्द्रनगर, धनुषा
### मधेश प्रदेश, नेपाल

# आ.व. २०८१/०८२ को लागि नदीजन्य पदार्थको विक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/१०/१८**

क्षीरेश्वरनाथ नगरपालिका, नगर कार्यपालिकाको १२ औ नगरसभाको निर्णय बमोजिम, स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ६२क, र यस क्षीरेश्वरनाथ नगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा १२ को व्यवस्था बमोजिम तथा नगर कार्यपालिकाको बैठकबाट स्वीकृत बमोजिम यस नगरपालिकाले तोकेको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ संकलन गरी क्षीरेश्वरनाथ नगरपालिकाले तोकेको दर (प्रति घनफिट रु.४।२५ मू.अ.करबाहेक) मा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०८०/८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही रितपूर्वक विधुतीय (E-Bidding) माध्यमबाट बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल :**

| सिं नं. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | दर रेट (प्रति घनफिट मू.अ.कर बाहेक रु. | न्यूनतम बोलपत्र रकम रु. (सेवाशुल्क र मू. अ.कर बाहेक ) | बोलपत्र फारम दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | KMO/Goods/Income Tender/01/2081-82 | औरही र जलाद खोलाबाट नदीजन्य पदार्थको विक्री | ९,८५,००० | ४।२५ | ४१,८६,२५०।०० | ३,०००।०० |

**शर्तहरू :**

- फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब.२०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फारम दस्तुर बापत राष्ट्रिय वाणिज्य बैंक, क्षीरेश्वरनाथ शाखामा यस कार्यालयको खाता नं. १२४०१००३०१०१०००२ मा नगद जम्मा गरेको नगद भौचर साथ निवदेन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र विद्युतीय माध्यमबाट बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको बैक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बान्धी कागजात साथ संलग्न गर्नुपर्नेछ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।
- बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गुर्न पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। आफूले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको क्षीरेश्वरनाथ शाखामा यस कार्यालयको खाता नं. १२४०१००३०३००००२ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'क' वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी १५० दिनको म्याद सहित जारी गरिएको बोलपत्र जमानत पेश गर्नु पर्नेछ।
- खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र विद्युतीय प्रति अपलोड गर्नु पर्नेछ।
- एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन। रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिन दिउसो २:०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।
- प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले २१ औं दिन दिनको २:०० बजे क्षीरेश्वरनाथ नगरपालिका कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नु हुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ।
- बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बान्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
- बोलपत्र स्वीकृत भएमा सो को सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको रकम एमुष्ठ क्षीरेश्वरनाथ शाखामा यस कार्यालयको खाता नं. १२४०१००३०१०१०००२ अनिवार्य बुझाउनु पर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कवोल गरेको रकमको नियमानुसार १३% मु.अ.करको ३० प्रतिशत रकम र अग्रिम आयकरवापतको १.५ प्रतिशत रकम अग्रिम रुपमा कार्यालयमा जम्मा गर्नुपर्नेछ। मू.अ.कर बापतको बाँकी रकम सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा राजश्व शीर्षक नं. ३३३१७ मा जम्मा गरेको सक्कल भौचर अग्रिम रुपमा यस कार्यालयमा कुझाउनुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।
- तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ। यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परीमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ।
- यस कार्यालयसँग गत विगतमा भएको कारोवारमा यस कार्यालयको म.ले.प. प्रतिवेदनमा वेरुजु भएमा वा कुनै किसिमको संघ, प्रदेश तथा स्थानीय सरकारसँग बाँकी बक्यौता भएको भए सम्झौता गर्नुपूर्व फर्छौट गर्नुपर्नेछ अन्यथा ठेक्का सम्झौता गर्न कार्यालय बाध्य हुने छैन।
- ठेकेदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ। राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाईने छैन।
- नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालन गर्नु ठेकेदारको कर्तव्य हुनेछ।
- यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।
- ठेक्का अवधि सम्झौता भएदेखि २०८२ जेष्ठ मसान्तसम्मको हुनेछ।
- यस ठेक्काको अवधिभित्र राष्ट्र गौरवको आयोजनाहरुको लागि नदीजन्य पदार्थहरु माग भइ आएमा स्वीकृत मापदण्डभित्र रही कार्यालयले छुटै स्थान तोकी नदीजन्य पदार्थहरु उपलब्ध गराउन सक्नेछ, सो कार्यमा बोलपत्र स्वीकार गर्ने ठेकेदारले हक दावी तथा बाधा बिरोध गर्न पाउने छैन।
- कुनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकार गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

**नोट** : विस्तृत जानकारीको लागि यस कार्यालयको website : www.kshireshwornathmun.gov.np मा समेत हेर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


# यस्तो छ तरकारी र फलफूलको बजार मूल्य



काठमाण्डु । कालीमाटी फलफूल तरकारी विकास समितिले विहिबारका लागि कृषि उपजहरूको थोक मूल्य निर्धारण गरेको छ।

समितिका अनुसार प्रस्तुत तरकारी र फलफूलको अधिकतम थोक मूल्य निर्धारण गरिएको हो। विहिबार गोलभैँडा ठूलो (भारतीय) प्रतिकेजी रु ७०, गोलभैँडा सानो (लोकल) प्रतिकेजी रु ३०, गोलभैँडा सानो (भारतीय) प्रतिकेजी रु ३०, गोलभैँडा सानो (तराई) प्रतिकेजी रु २५, आलु रातो प्रतिकेजी रु ४०, आलु रातो (भारतीय) प्रतिकेजी रु ३६, प्याज सुकेको (भारतीय) प्रतिकेजी रु ६५, गाजर (लोकल) प्रतिकेजी रु ४०, गाजर (तराई) प्रतिकेजी रु ३०, बन्दा (लोकल) प्रतिकेजी रु २०, बन्दा (तराई) प्रतिकेजी रु १५, बन्दा (नरिवल) प्रतिकेजी रु १५, काउली स्थानीय प्रतिकेजी रु १५, स्थानीय काउली (ज्यापु) प्रतिकेजी रु २०, काउली (तराई) प्रतिकेजी रु १५, मूला रातो प्रतिकेजी रु २५, मूला सेतो (लोकल) प्रतिकेजी रु २५, सेतो मूला (हाइब्रिड) प्रतिकेजी रु ३०, भन्टा लाम्चो प्रतिकेजी रु ३०, भन्टा डल्लो प्रतिकेजी रु ४० कायम भएको छ।

यसैगरी, मटरकोसा प्रतिकेजी रु ५०, घिउ सिमी (लोकल) प्रतिकेजी रु ५०, घिउ सिमी (हाइब्रिड) प्रतिकेजी रु ५०, घिउ सिमी (राजमा) प्रतिकेजी रु ७०, टाटे सिमी प्रतिकेजी रु ४०, तिते करेला प्रतिकेजी रु १००, लौका प्रतिकेजी रु ६०, फर्सी पाकेको प्रतिकेजी रु ५०, फर्सी हरियो (लाम्चो) प्रतिकेजी रु २०, हरियो फर्सी (डल्लो) प्रतिकेजी रु २०, सलगम प्रतिकेजी रु १००, भिण्डी प्रतिकेजी रु १००, सखरखण्ड प्रतिकेजी ८०, बरेला प्रतिकेजी रु ४०, पिँडालु प्रतिकेजी रु ९०, स्कूस प्रतिकेजी रु ४०, रायो साग प्रतिकेजी रु १२, पालुङ्गो साग प्रतिकेजी ४०, चमसुरको साग रु ४०, तोरीको साग प्रतिकेजी रु ३०, मेथीको साग प्रतिकेजी रु ४०, हरियो प्याज प्रतिकेजी रु ४०, बकुला प्रतिकेजी रु ७०, तरुल प्रतिकेजी रु ९०, च्याउ (कन्य) प्रतिकेजी रु ८०, च्याउ (डल्ले) प्रतिकेजी रु ३५० निर्धारण गरिएको छ।

ब्रोकाउली प्रतिकेजी रु ३०, चुकुन्दर प्रतिकेजी रु ६०, सजिवन प्रतिकेजी रु २५०, रातो बन्दा प्रतिकेजी रु ६०, जिरीको साग प्रतिकेजी रु ७०, ग्याठ कोबी प्रतिकेजी रु ९०, सेलरी प्रतिकेजी रु ४००, पार्सले प्रतिकेजी रु ८००, सौफको साग प्रतिकेजी रु ८०, पुदिना प्रतिकेजी रु ४००, गान्टे मूला प्रतिकेजी रु ८०, इमली प्रतिकेजी रु १६०, तामा प्रतिकेजी रु १००, तोफु प्रतिकेजी रु १२०, गुन्द्रुक प्रतिकेजी रु ३०० तोकेको छ।

समितिले स्याउ (झोले) प्रतिकेजी रु २६०, स्याउ (फूजी) प्रतिकेजी रु ३००, केरा (दर्जन) रु १७०, कागती प्रतिकेजी रु १६०, अनार प्रतिकेजी रु ४००, अङ्गुर (हरियो) प्रतिकेजी रु २४०, अङ्गुर (कालो) प्रतिकेजी रु ३८०, सुन्तला (नेपाली) प्रतिकेजी रु १३५, सुन्तला (भारतीय) प्रतिकेजी रु १००, जुनार प्रतिकेजी ११०, काँक्रो (लोकल) प्रतिकेजी रु १४०, कान्क्रो (हाइब्रिड) प्रतिकेजी रु ४०, निबुवा प्रतिकेजी रु ५०, नासपाती (चाइनिज) प्रतिकेजी रु २४०, मेवा (नेपाली) प्रतिकेजी रु ५०, मेवा (भारतीय) प्रतिकेजी रु १००, अम्बा प्रतिकेजी रु १२०, लप्सी प्रतिकेजी रु ५०, स्ट्रबेरी (भुइऐसेलु) प्रतिकेजी रु ५००, किबी प्रतिकेजी रु २५०, आभोकाडो प्रतिकेजी रु २५०, अमला प्रतिकेजी रु ७० निर्धारण गरिएको छ।

यसैगरी, अदुवा प्रतिकेजी रु १२०, खुर्सानी सुकेको प्रतिकेजी रु ४००, खुर्सानी हरियो प्रतिकेजी रु ८०, खुर्सानी हरियो (बुलेट) प्रतिकेजी रु ९०, खुर्सानी हरियो (माछे) प्रतिकेजी रु ६०, खुर्सानी हरियो (अकबरे) प्रतिकेजी रु ३००, भेडे खुर्सानी प्रतिकेजी रु ६०, लसुन हरियो प्रतिकेजी रु ७०, हरियो धनिया प्रतिकेजी रु ४०, लसुन सुकेको (चाइनिज) प्रतिकेजी रु ३००, लसुन सुकेको (नेपाली) प्रतिकेजी रु ३००, छ्यापी सुकेको प्रतिकेजी रु १६०, छ्यापी हरियो प्रतिकेजी रु २५०, ताजा माछा (रहु) प्रतिकेजी रु ३५०, ताजा माछा (बचुवा) प्रतिकेजी रु २६०, ताजा माछा (छडी) प्रतिकेजी रु २६०, ताजा माछा (मुङ्गरी) प्रतिकेजी रु ४५०, रुख टमाटर प्रतिकेजी १५०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु ८०० तोकेको छ।रासस

# मधेशमा व्यापक समस्याको समाधानतर्फ ध्यान दिनु आवश्यक



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रका विविध समस्या रहेको भन्दै व्यापक छलफल भएको छ ।

सो छलफलका क्रममा सहभागीहरूले मधेसशमा विद्यमान गरिबी, शिक्षामा पछौटेपन, स्वास्थ्य सेवाको अभाव र अन्य सामाजिक मुद्दाहरूबारे आफ्ना धारणा राखे। सरोकारवालाहरूले समाधानका लागि सरकार, संघसंस्था तथा स्थानीय निकायको विशेष ध्यानाकर्षण गराउनु आवश्यक रहेको जनाए ।

सो कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तित्व, बुद्धिजीवी, समाजसेवी तथा स्थानीयवासीहरूको सक्रिय सहभागिता रहेको थियो ।

मधेशको समृद्धि र समान विकासका लागि यस्ता छलफल तथा कार्यक्रमहरूले मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ ।

जनकपुरधाममा बिहीबार मारवाडी सेवा समितिको आयोजनामा गरिएको कार्यक्रममा मधेशी आयोगका अध्यक्ष डा. विजय दत्तको प्रमुख अतिथ्यतामा भएको सो कार्यक्रममा मधेशी आयोगका सदस्य विजय प्रसाद गुप्ता विशिष्ट अतिथिका रूपमा उपस्थित थिए । सो कार्यक्रममा मारवाडी सेवा समितिका अध्यक्ष निर्मल चौधरीले अध्यक्षता गरेका थिए ।

# महाकुम्भमा सप्तरीका एउटै पालिकाका दुई जना सम्पर्क विहिन

**टुडे समाचारदाता**

राजविराज । भारतको उत्तर प्रदेशस्थित प्रयागराजमा लागेको कुम्भ स्नान गर्न गएका दुई जना नेपाली सम्पर्कविहीन भएका छन् ।

यसरी सम्पर्कविहीन हुनेहरु दुबै जना एउटै पालिकाका छन् । मंगलवार कुम्भ स्नानको क्रममा मध्यराति भएको भागदौडमा सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका- १ तिलाठी टोलकी ६० वर्षीया सुनैना देवी झा भागदौडका क्रममा सम्पर्कविहीन भएको छोरा ललितले बताएका छन् ।

त्यस्तै सोही पालिका वडा-३ स्थित सकरपुराका ६५ वर्षीय बुलबुल खंग पनि सोही दिनदेखि कुम्भ स्थलबाट सम्पर्कविहीन भएको वडाध्यक्ष रमेश मुखियाले जानकारी दिए ।

दुवैका आफन्त अहिले भारतीय प्रहरीको समन्वयमा खोजी कार्य गरिरहेको परिवारजनले जनाएका छन् ।



जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक जितेन्द्र कुमार बस्नतेले भारतको प्रयागराजमा कुम्भ स्नानका लागि गएका दुई जना नेपाली तीर्थयात्री हराइरहेको चर्चा सुनिए पनि पीडितका परिवारले भने आफूहरुलाई कुनै जानकारी र सम्पर्क नगरेको बताए ।

यद्यपि यसबारे पीडित भनिएका परिवारबाट कुरा बुझेर खोजतलाशका लागि भारतीय प्रहरी अधिकारीहरुसँग समन्वय र पहल गरिने उनको भनाइ छ ।

यहाँबाट दैनिक सयौंको संख्यामा तिर्थालुहरु कुम्भ स्नानका लागि प्रयागराजतर्फ जाने गरेका छन्।

तर दुई दिन अघि भएको भागदौड र त्यसमा ठूलो संख्यामा मानवीय क्षति भएको खबर प्राप्त भएपछि अहिले त्यसतर्फ जाने तिर्थयात्रुको संख्यामा कमी आएको देखिएको छ ।

# मधेशमा चिनियाँ दूतावासले साइकल वितरण गरेको आरोप

**टुडे समाचारदाता**

वीरगञ्ज । मधेश प्रदेशको वीरगञ्ज महानगरपालिकामा चिनियाँ दूतावासले साइकल वितरण गरेको छ ।

एक साता अगाडि मधेश प्रदेशको एकमात्र महानगरपालिकाको रुपमा रहेको वीरगञ्ज महानगरपालिकास्थित एक विद्यालयमा चाइनिज साइकल वितरण गरेको तथ्य सार्वजनिक भएको छ ।

वीरगञ्ज महानगरपालिकाको समन्वयमा वीरगञ्ज- १५ स्थित श्री नरसिंह माध्यमिक विद्यालयमा एक कार्यक्रम गरी चाइना फाउन्डेशन फर रुरल डेभलपमेन्टको नेपाल कार्यालयले विद्यार्थीहरुलाई साइकल वितरण गरेको थियो ।

विद्यालयमा आयोजित साइकल वितरण कार्यक्रममा चाइनिज दूतावासका कन्सुर वांग सिनको विशेष उपस्थिति र वीरगञ्ज महानगरपालिकाका उपमेयर इम्तीयाज आलमको प्रमुख



आतिथ्यमा दुइ सय थान साइकल वितरण गरिएको जनाइएको थियो ।

मुख्य रुपमा मधेश प्रदेशमा सक्रियता बढाउन चाइना दूतावास केही समय यता आफ्नो सक्रिय बढाएको छ । जस अर्न्तगत विभिन्न व्यापारको वहाना देखि मधेशी जनताको समाजिक तथा शैक्षिक उत्थानका लागि विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई वै गदेखि साइकल विरतण समेतको कार्यक्रलमा गर्न थालिएको छ । मधेश प्रदेश सरकारले विगतमा चलाइएको साइकल वितरण कार्यक्रम चाइना दुतावासले गरेर प्रदेशको बालबालिकलाई साइकल सहजता मिल्ने जनाइएको छ ।

सो साइकल वितरणका लागि एक वर्षदेखि थन्किएर राखिएको हुँदा केही साइकलमा खिया समेत लागेको विद्यालयले जनाएको छ ।

# तीन अस्पतालले पाए करोडौँको स्वास्थ्य उपकरण

**टुडे समाचारदाता**


लहान । सिरहाको तीन अस्पतालले करोडौँ मूल्य बराबरका स्वास्थ्य सामग्री तथा उपकरण प्राप्त गरेका छन् ।

'हेल्पिङ ह्याण्ड फर रिलिफ एन्ड डेभलपमेन्ट' नामको गैरसरकारी संस्थाले ती अस्पताललाई स्वास्थ्य सामग्री प्रदान गरेको छ ।

स्वास्थ्य सामग्री प्राप्त गर्नेमा जिल्लाको धनगढीमाई नगरपालिका–९ स्थित नै नपुर अस्पताल, सुखीपुर नगरपालिका-८ स्थित आधार भूत अस्पताल र अर्नमा गाउँपालिका-१ महनौरस्थित महनौर अस्पताल रहेको जनाइएको छ ।

संस्थाले तीनवटै पालिकाका प्रमुखसहित जनप्रतिनिधि, समाजसेवी तथा स्वास्थ्य कर्मचारीको उपस्थितिमा विशेष कार्यक्रम आयोजना गरी सामग्री हस्तान्तरण गरेको थियो ।

स्थानीय समुदायलाई आधार भूत स्वास्थ्य सेवामा सहज पहुँच र सुधारमा योगदान गर्न आफ्नो संस्थाले सिरहासहित देशका



अन्य जिल्लामा पनि स्वास्थ्य उपकरण, औषधिलगायत सामग्री सहयोग गर्दै आएको 'हेल्पिङ ह्याण्ड फर रिलिफ एन्ड डेभलपमेन्ट' नेपालका महासचिव मो मेराज खानले जानकारी दिए ।

महासचिव खानले अमेरिकी सहयोगमा सञ्चालित यस परियोजना मधेश प्रदेशका सिरहा, महोत्तरी र सर्लाहीसहित देशभरका ४२ जिल्लामा शिक्षा, स्वास्थ्य, कृषिलगायत क्षेत्रलाई प्राथमिकता दिँदै सामाजिक सेवाका कार्यमा सक्रिय रहँदै आएको बताए ।

सो संस्थाले दिएका सामग्री तथा उपकरणले अस्पतालको सेवा प्रवाहमा महत्वपूर्ण सहयोग पुग्ने अस्पतालले जनाएको छ ।

# कमला-पथलैया सडक निर्माण सुस्त

**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्वपश्चिम राजमार्ग अन्तर्गतको धनुषाको कमला-ढल्केवर हुँदै बाराको पथलैया सडक आयोजना पूर्वी खण्डको काम सुस्त गतिमा भइरहेको छ ।

आयोजना अन्तर्गतको कमला-बढहरी-फूलजोर-बागमती ७४.७५ किलोमिटर लम्बाइको पूर्वी खण्ड यही जनवरी १ तारिखदेखि स्तरोन्नतिको चरणमा प्रवेश गरे पनि सुस्त गतिमा काम हुँदा समस्या हुने गरेको छ । यस खण्डको भद्रगोल अवस्था र छरपस्ट समस्याका कारण निर्माणले अपेक्षित गति लिन सकेको छैन । विश्व बैङ्कको १८ अर्ब ६० करोड रुपैयाँ ऋण सहयोगमा पूर्वी खण्डको सन् २०२५ जनवरी १ तारिखदेखि कमला पुल पश्चिम, धनुषा जिल्लाको बडहरी र सर्लाहीको फूलजोर गरी तीन ठाउँबाट एकै साथ स्तरोन्नति भइरहेको छैन ।

यसका लागि कमला पुलदेखि बडहरीसम्म इकेके इन्फ्रास्ट्रकचर लिमिटेड इन्डियाले तथा दोस्रो र तेस्रोमा पर्ने बडहरी-फूलजोर र फूलजोर-बागमती खण्ड चाइनिज कम्पनी एसडब्ल्यु इजे र रखुवा कन्स्ट्रक्सन कम्पनी आरसिसी ज्वाइन्ट भेन्चरले ठेक्का सम्झौता गरिसकेको छ । आगामी सन् २०२७ सम्म निर्माण सम्पन्न भइसक्नुपर्ने छ । निर्माणको सुरसारसमेत भएको छैन ।

गौरीडाँडास्थित कमला-ढल्केवर-पथलैया सडक आयोजना (पूर्वी खण्ड) का अनुसार पनि निर्माणअघिको पूर्वतयारीका लागि सडक दायाँबायाँ रहेका रुखदेखि पोलसम्मका अवरोध हटाउनुपर्ने भएकाले




निर्माण सुरु गर्न नसकिएको हो । अहिले दुई लेनको पूर्वपश्चिम राजमार्गलाई एसियाली मापदण्ड अनुसार सहरी तथा बजार क्षेत्रमा छ लेनसहित ३१ मिटर फराकिलो पार्ने र त्यसबाहेकका ठाउँमा 'मेडियन' सहित १८ मिटर चौडाइको चार लेनमा स्तरोन्नति गर्नुपर्ने भएकाले सडक क्षेत्राधिकारमा अनेक बाधा अड्चन देखा परेको छ ।

पूर्वी खण्डका आयोजना प्रमुख छविलाल पौडेलले धनुषको कमलादेखि पश्चिम सर्लाहीको बागमतीसम्म सडक दायाँबायाँ रहेका आठ हजार ४५२ थान त विभिन्न प्रजातिका रुख नै हटाउनु पर्छ । कटानअघि यी रुखको यकिन संख्या बुझ्न पुनः गणना भइरहेको जानकारी दिए ।

उनले त्यसपछि संख्या प्रमाणीकरणका लागि डिभिजन वन हुँदै संघ र प्रदेशमा धाउनुपर्नेलगायतका प्रक्रिया झन्झटिलो भएकाले कहिलेसम्म रुख काटिने हो यकिन नभएको बताए । अर्कोतर्फ विद्युत् पोल विस्थापन अर्को समस्या छ । आयोजना र प्राधिकरणले दुई वर्षअघि गरेको गणना अुसार पूर्वी खण्डको कमलादेखि बागमतीसम्म २२२ विद्युत् पोल छन् । पोल विस्थापनका लागि आयोजनाले ३५ करोड रुपियाँको अनुमान पनि गरिसकेको उनले बताए ।

गणनापछि प्राधिकरणको प्रदेश कार्यालय, निर्देशनालय हुँदै टेन्डर प्रक्रियामा अघि बढ्ने छ ।

ठेक्का लगाउन पनि समय लाग्छ । अर्कातर्फ राजमार्गमा सामानान्तर बिच्छाइएको नेपाल टेलिकमका अप्टिकल फाइबरले पनि समस्या थपेको छ । यसलाई स्थानान्तरण गर्न आयोजना र टेलिकमबिच पनि समझदारी (एमओयु) को तयारी भइरहेको पौडेलले बताए ।

उनका अनुसार समझदारी पत्रमा हस्ताक्षरपछि टेलिकमले बजेट सुनिश्चित गर्नु पर्छ । त्यसपछि सडक ठेकेदारले अप्टिकल फाइबर हटाउने काम गर्छ । यसका साथै सडक क्षेत्राधिकारमा पर्ने दुवै तर्फ २५/२५ मिटर खाली गर्नुपर्ने हुँदा कमलादेखि पथलैयासम्मका ६४ घरधुरीका ६६ वटा संरचना, २०४ वटा छाप्रो टहरा, चार वटा पेट्रोल पम्प छन् । पौडेलले भने, "निजी संरचना भएकाले मुआब्जा रकम सुनिश्चित गरेर मात्र विस्थापित गर्न सकिन्छ । मूल्याङ्कन र क्षतिपूर्तिका लागि भवन कार्यालय जनकपुरसँग सहकार्य भइरहेको छ ।"

यीबाहेक ३५ वटा मठमन्दिर, ५५ वटा बरपिपलको चौतारो, १७ ठाउँमा नेपाली सेना र दुई ठाउँमा प्रहरीको चेक पोस्ट, चार वटा प्रहरी बिट र एउटा प्रतिक्षालय, आठ वटा इनार, ६९ वटा प्रतिक्षालय, तीन वटा सार्वजनिक शौचालय छन् । यसका साथै कन्सलटेन्टको रिपोर्टले ३३ हजार १६० मिटर खानेपानीका पाइपमा बाधा पुग्न सक्ने उल्लेख गरिएको छ ।

पौडेलले भने, "राजमार्गको अधिकार क्षेत्रभित्र १६ वटा संरचना त नेपाली सेनाकै परेको छ । यी संरचना हटाएर मात्र पुग्दैन उनीहरूले तोकेको स्थानमा सडक ठेकेदारले नै पुनर्निर्माण गरिदिनुपर्ने भएकाले सबैलाई व्यवस्थापन गर्न समय त लाग्छ नै ।" यी तमाम बाधा अवरोध नहटाएसम्म सडक स्तरोन्नतिको काम अघि बढाउन नसकिने ठेकेदार कम्पनी इकेकेका प्रमुख इन्जिनियर दावा तामाङले बताउनुभयो । उहाँका अनुसार काम गर्ने पत्र पाइएको छ । तथापि ठेकेदार कम्पनी पनि काम सुरु गर्नुअघिको पूर्वतयारीमा जुटेको बताए ।

तामाङले भने, "आयोजना जस्तै हामी ठेकेदार कम्पनी पनि निर्माण सामग्री व्यवस्थापन, रिपोर्ट तयारी, सर्भे, ड्रोइङ जस्ता पूर्वतयारीसहित काम सुरु गर्ने वातावरणको प्रतिक्षारत्त छौं ।"

# हुण्डी कारोबारको आरोपमा एक पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज। हुण्डी कारोबारको आरोपमा पर्साबाट एक भारतीय नागरिक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा भारत रक्सौलका २७ वर्षीय ओमकुमार रौनियार रहेको पर्सा प्रहरीले जनाएको छ । उनलाई वडा प्रहरी



कार्यालय बिर्ताबाट खटिएको प्रहरी टोलीले पक्राउ गरेको जनाइएको छ । बीआर ०५ क्यू ४३८३ नम्बरको मोटरसाइकलमा सवार उनलाई ६ लाखसहित बुधबार नै पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

पक्राउ परेका रौनियारविरुद्ध मुलुकी फौजदारी अपराध संहिताको दफा १२५ (क) बमोजिम हुण्डी सम्बन्धी कारोबार गर्न नहुने कसुरमा अनुसन्धान अघि बढाइएको छ ।

# सिफारिस मुक्त भएर काम गर्ने एसपीको जिकिर



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरी प्रमुख गौतम मिश्रले प्रहरीले सिफारिस मुक्त भएर काम गर्ने बताएका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्सामा आयोजित परिचयात्मक कार्यक्रममा प्रहरी प्रमुख मिश्रले यस्तो बताएका हुन् ।

चार दिन अगाडि मात्र पर्सा जिल्लाको कमान्ड सम्हालेका प्रहरी प्रमुख मिश्रले बिहीबार सिफारिशहरु आउछन प्रहरी त्यसको प्रभावमा नपर्ने बताए ।

उनले प्रहरीले कानूनले गरे भनेको काम गर्ने र नगर भनेको काम नगर्ने भन्दै राजनीतिक दवावका आधारमा प्रहरी नचल्ने प्रष्ट पारेका हुन् ।

उनले प्रहरीले आफ्नो ब्यवसायीक आचरण बिपरित कुनै काम नगर्ने भन्दै प्रहरी भित्र राम्रो गर्नेलाई पुरस्कार गल्ती गर्ने दण्डीत गर्ने सम्मको योजना सुनाए ।

उनले राजनीति दवाव सिफारिशमा कुनै पनि मुद्धाको अनुसन्धान प्रभावित नहुने बताउदै उनले प्रष्ट पारे प्रहरी प्रहरीको नीति नियम भन्दा बाहिर गएर काम कुनै काम हुने छैन ।

प्रहरी प्रमुख मिश्रले आफू पहिला पनि यो जिल्लामा काम गरिसकेको हुनाले जिल्लाको अपराधको प्रवृतिबारे जानकारी रहेको बताए । उनले अहिलेको अवस्थामा अपराधमा आएको परिर्वतनलाई पनि सामना गर्ने गरि काम गरिने बताए ।

संचारकर्मीले महत्पूर्ण र सम्झन लायक के काम गर्नुहुन्छ भनेर राखेको जिज्ञासाको जवाफदिदै प्रहरी प्रमुख मिश्रले प्रहरीले १ हजार २५ वटा अपराध नियन्त्रणको गर्नु पर्ने बिश्लेषण सुनाउदै ति सबै काम प्रहरीकालागि महत्वपूर्ण रहेकोले त्यही अपराध नियन्त्रणकालागि सबै बैद्य रणनीति अवलम्बन गरिने बताए ।

अनधिकृत कारोवारको बिषयमा सञ्चारकर्मीहरुले सोधेको प्रश्नमा प्रहरी प्रमुख मिश्रले आफ्नो कार्यकालभरि जिल्लामा अनधिकृत कारोवार नहुने र गर्न नदिने ठोकुवा गरे ।

उनले जिल्लामा देखिएका बालविवाह, घरेलु हिंसासहितका सामाजिक विकृतिविरुद्ध प्रहरीले जनचेतना जगाउने अभियान नै चलाउने आफ्नो तयारी रहेको बताए ।

# प्रमोद साहले जसपा नेपाल छोडे

**टुडे समाचारदाता**

जनकपुरधाम । पूर्व सांसद प्रमोद साहले जनता समाजवादी पार्टी नेपालका परित्याग गरेका छन् । जसपा नेपालको संगठन विभागमा समेत रहेका पूर्वसांसद साहले साधारण सदस्यसमेत नरहनेगरी राजीनामा दिएको जनाए।

बिहीबार एक विज्ञप्ति जारी गर्दै पूर्व सांसद साहले २७ वर्षको मधेश केन्द्रित राजनीतिको लामो यात्रापछि पहिलो पटक राजीनामा दिएको उल्लेख गरे । जारी गरिएको विज्ञप्तिमा 'आजबाट आफूले सम्हाल्दै आएको केन्द्रीय सदस्य, संगठन विभाग र पार्टीको साधारण सदस्य समेतबाट २७ वर्षको मधेश केन्द्रित राजनीतिको लामो यात्रापश्चात् पहिलो पल्ट राजीनामा गर्दछु,' उनले लेखेका छन् ।'

२७ वर्षको राजनैतिक यात्रामा मलाई असाध्यै माया, ममता, सहयोग र समर्थन गर्ने सबै लाई उनले धन्यवाद दिएका छन् । अगामी दिनको यात्राको लागि सुझाव, सल्लाह र सहयोगको



अपेक्षा पनि उनले गरे ।

२०५३ सालमा नेपाल सदभावना पार्टीको भातृ संगठन नेपाल विधार्थी मंचबाट राजनीतिक यात्रा शुरू गरेका साह २०७४ सालमा प्रतिनिधि सभाको चुनाव सर्लाहीको क्षेत्र नम्बर १ बाट निर्वाचित भएका थिए । २०७९ सालमा जनता समाजवादी पार्टी नेपालबाट चुनाव उठे पनि उनी पराजित भएका थिए ।

गत असार जसपा नेपालको जनकपुरधाममा भएको महाधिवेशनमा उनले सचिवमा उम्मेदवारी दिएका थिए । तर चुनाव नभए पछि उनी केही समयदेखि निस्क्रिय रहँदै आएका थिए ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८